# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## अर्ध-वार्षिक प्रतिवेदन

(आ.व.२०८२/८३)




नेपाल राष्ट्र बैंक

आर्थिक अनुसन्धान विभाग

२०८३ जेठ

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले आर्थिक, मौद्रिक र वित्तीय क्षेत्रसँग सम्बन्धित विषयहरूमा तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्दै आवश्यकता अनुसार अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यसै क्रममा अर्थतन्त्रको वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्यगत विवरण प्रकाशनमा ल्याउने उद्देश्यले आर्थिक गतिविधि अध्ययन प्रतिवेदन नियमित रूपमा प्रकाशन हुने गरेको छ ।

यस अध्ययन प्रतिवेदनअनुसार अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा आर्थिक गतिविधिमा क्रमिक सुधार आएको छ । आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको जिल्लागत कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको स्थिति तथा ती क्षेत्रमा देखिएका विद्यमान समस्या/चुनौती, सम्भावना र परिदृश्यका बारेमा संक्षिप्त विश्लेषण गरिएको छ । यसका अतिरिक्त मुलुकका रणनीतिक महत्वका पूर्वाधार आयोजनाहरुको पछिल्लो विवरण एवम् प्रदेश सरकारको खर्च, राजस्व परिचालन र वित्तीय हस्तान्तरणको संक्षिप्त विवरणसमेत समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत विवरण स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरुबाट प्राप्त हुने तथ्याङ्क/विवरणमा आधारित रहेको छ ।

चालु आर्थिक वर्षको दोस्रो त्रयमासमा कृषि क्षेत्रतर्फ खाद्य बालीले ढाकेको क्षेत्रफल घटेकाले कृषि उत्पादन पनि घटेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो तथ्याङ्क अनुसार गत आर्थिक वर्ष ४.४३ प्रतिशतले विस्तार भएको समग्र अर्थतन्त्र चालु आर्थिक वर्षमा ३.८५ प्रतिशतले मात्र विस्तार हुने अनुमान रहेको छ । समीक्षा अवधिमा अर्थतन्त्रका सबैजसो क्षेत्र र उपक्षेत्र विस्तार हुने अनुमान रहेको छ । बैंक तथा वित्तीय संस्थाहरूको कर्जा विस्तार वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा बढेको छ । त्यसैगरी, सेवा क्षेत्रमा विदेशी पर्यटकको आगमन र वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बढेको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ बमोजिम सङ्घीय मन्त्रालयको पुर्नसंरचना भएतापनि आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तको अवधिका लागि साबिककै मन्त्रालय, विभाग र कार्यालयले प्रदान गरेको तथ्याङ्क/विवरण एवम् सूचनाका आधारमा प्रतिवेदन तयार गरिएको छ । प्रस्तुत अध्ययन प्रतिवेदन नेपाल सरकार, प्रदेश सरकारलगायत अन्य सरोकारवालालाई उपयोगी हुने विश्वास लिएको छु । प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरू तथा तथ्याङ्क सङ्कलनमा समन्वय गर्न सहयोग पुऱ्याउनु हुने यस बैंकका प्रदेशस्थित कार्यालयप्रति आभार प्रकट गर्दछु । प्रतिवेदन तर्जुमा गर्ने कार्यको संयोजन गर्नुहुने विभागका निर्देशक श्री विज्ञान राज सुवेदी र माधव दंगाललाई विशेष धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी, प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक बिकास शाखाका उप-निर्देशकहरु श्री सजना शिल्पकार, डा.गणेश प्रसाद गौतम र श्री धनञ्जय पराजुली, सहायक निर्देशकहरु श्री देवकी चौलागाई, श्री शिखा पोखेल, श्री अर्जुन कुमार श्रेष्ठ, श्री रामकृष्ण आचार्य, श्री आरती मण्डल र कम्प्युटर अधिकृत श्री राम कुमार थापालाई धन्यवाद ज्ञापन गर्दछु ।

**डा. सत्येन्द्र तिमिल्सिना**
कार्यकारी निर्देशक

# विषय-सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| आवरण पृष्ठ | | | |
| प्राक्कथन | | | (क) |
| विषय-सूची | | | (ख) |
| तालिका सूची | | | (घ) |
| चार्ट सूची | | | (च) |
| सारांश | | | (छ) |
| परिच्छेद १: | अध्ययन परिचय | | १ |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| | १.३ | अध्ययनको सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| परिच्छेद २: | अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक स्थिति | | ३ |
| परिच्छेद ३: | कृषि क्षेत्र | | ६–१६ |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ | कृषि उत्पादन | ७ |
| | ३.३ | पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ | सिँचाइ | ११ |
| | ३.५ | क्षेत्रगत कृषि कर्जा | ११ |
| | ३.६ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १२ |
| परिच्छेद ४: | उद्योग क्षेत्र | | १७–२५ |
| | ४.१ | प्रदेशअनुसार उद्योगको विवरण | १७ |
| | ४.२ | उद्योगको क्षमता उपयोग र उत्पादन | १७ |
| | ४.३ | क्षेत्रगत औद्योगिक कर्जा | १९ |
| | ४.४ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २० |
| परिच्छेद ५: | सेवा क्षेत्र | | २६–३४ |
| | ५.१ | पर्यटन | २६ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २७ |
| | ५.३ | वित्तीय सेवा | २७ |
| | ५.४ | सेवा क्षेत्र कर्जा | २९ |
| | ५.५ | यातायात | २९ |
| | ५.६ | विपन्न वर्ग कर्जा | ३० |
| | ५.७ | सहकारी क्षेत्र | ३० |
| | ५.८ | सेवा क्षेत्रका चुनौती र सम्भावना | ३१ |
| परिच्छेद ६: | पूर्वाधार क्षेत्र | | ३५–४० |
| | ६.१ | पूर्वाधार स्थिति | ३५ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३७ |

| | | | |
|---|---|---|---|
| **परिच्छेद ७:** | **बाह्य क्षेत्र र रोजगारी** | | **४१–४५** |
| | ७.१ | वैदेशिक व्यापार | ४१ |
| | ७.२ | रोजगारी | ४३ |
| | ७.३ | बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती र सम्भावना | ४४ |
| **परिच्छेद ८:** | **सङ्घीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना** | | **४६–५१** |
| | ८.१ | कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ४६ |
| | ८.२ | प्रदेशगत रूपमा कार्यान्वयन भएका कार्यक्रमहरू | ४७ |
| **परिच्छेद ९:** | **आर्थिक परिदृश्य** | | **५२–५३** |

# तालिका सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | विश्वको आर्थिक वृद्धिदर | ३ |
| तालिका २.२ | नेपालीहरूको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरूको आर्थिक वृद्धिदर | ३ |
| तालिका २.३ | दक्षिण एसियाली देशहरू तथा चिनको आर्थिक वृद्धिदर | ४ |
| तालिका २.४ | विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | ४ |
| तालिका २.५ | दक्षिण एसियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत) | ४ |
| तालिका २.६ | प्रादेशिक आर्थिक परिसूचकहरू (आ.व. २०८१/८२) | ५ |
| तालिका ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| तालिका ३.२ | धान बालीको उत्पादन | ८ |
| तालिका ३.३ | कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.४ | प्रमुख पशुपन्छी तथा माछा उत्पादन | १० |
| तालिका ३.५ | सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा | १२ |
| तालिका ३.६ | कृषि क्षेत्रका प्रदेशगत चुनौतीहरू | १३ |
| तालिका ३.७ | कृषि क्षेत्रका प्रदेशगत सम्भावनाहरू | १४ |
| तालिका ४.१ | आर्थिक वर्ष २०८१/८२ को प्रथम छ महिनामा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण | १७ |
| तालिका ४.२ | प्रदेशगत औद्योगिक कर्जा | १९ |
| तालिका ४.३ | उद्योग क्षेत्रका प्रदेशगत चुनौतीहरू | २० |
| तालिका ४.४ | उद्योग क्षेत्रका प्रदेशगत सम्भावनाहरू | २२ |
| तालिका ५.१ | होटलहरूको औसत क्षमता उपयोग | २६ |
| तालिका ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २७ |
| तालिका ५.३ | निक्षेप तथा कर्जा स्थिति | २८ |
| तालिका ५.४ | सेवा क्षेत्रमा प्रवाहित कर्जाको स्थिति | २९ |
| तालिका ५.५ | प्रदेशगत सेवा क्षेत्र कर्जा | २९ |
| तालिका ५.६ | प्रदेशगत विपन्न वर्ग कर्जाको स्थिति | ३० |
| तालिका ५.७ | नमुना छनोटमा परेका बचत तथा ऋण सहकारी संस्थाको विवरण | ३० |
| तालिका ५.८ | सेवा क्षेत्रका प्रदेशगत चुनौतीहरू | ३१ |
| तालिका ५.९ | सेवा क्षेत्रका प्रदेशगत सम्भावनाहरू | ३३ |
| तालिका ६.१ | आर्थिक वर्ष २०७०/७१ देखि २०८१/८२ सम्मको सडक निर्माणतर्फ भएका उपलब्धि | ३५ |
| तालिका ६.२ | सडकतर्फ आ.व. २०८२/८३ को पुस मसान्तसम्मको विवरण | ३५ |
| तालिका ६.३ | सडकतर्फ राष्ट्रिय गौरवको आयोजनहरुको आ.व. २०८२/८३ को पुस मसान्तसम्मको प्रगति विवरण | ३६ |

| | | |
|---|---|---|
| तालिका ६.४ | पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौतीहरू | ३७ |
| तालिका ६.५ | पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावनाहरू | ३९ |
| तालिका ७.१ | आर्थिक वर्ष २०८२/८३ को प्रथम छ महिनाको नेपालको आयात निर्यात स्थिति | ४१ |
| तालिका ७.२ | आर्थिक वर्ष २०८२/८३ को प्रथम छ महिनाको भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति | ४२ |
| तालिका ७.३ | प्रदेशगत आधारमा निर्यात सम्भावना भएका वस्तुहरू | ४२ |
| तालिका ७.४ | २०८२ पुस मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण | ४३ |
| तालिका ७.५ | आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण | ४३ |
| तालिका ७.६ | वैदेशिक रोजगारीको लागि प्रमुख गन्तव्यको विवरण | ४४ |
| तालिका ८.१ | आर्थिक वर्ष २०८२/८३ को सङ्घीय बजेटको अर्ध-वार्षिक प्रगति विवरण | ४६ |
| तालिका ८.२ | आर्थिक वर्ष २०८२/८३ को राजस्व सङ्कलनको अर्ध-वार्षिक प्रगति विवरण | ४६ |
| तालिका ८.३ | आर्थिक वर्ष २०८२/८३ को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगति विवरण | ४६ |

# चार्ट सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट ३.१ | प्रमुख खाद्यन्न बालीले ढाकेको क्षेत्रफल (हेक्टरमा) | ६ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन (मे. टनमा) | ७ |
| चार्ट ३.३ | प्रदेशगत दूध, मासु, अन्डा र माछा उत्पादन हिस्सा | १० |
| चार्ट ३.४ | सिँचाइ क्षेत्रफलमा भएको विस्तार (हेक्टरमा) | ११ |
| चार्ट ३.५ | कृषि कर्जाको प्रदेशगत हिस्सा | १२ |
| चार्ट ४.१ | प्रमुख उद्योगको क्षमता उपयोग (प्रतिशतमा) | १८ |
| चार्ट ४.२ | प्रदेशगत क्षमता उपयोग (प्रतिशतमा) | १८ |
| चार्ट ४.३ | औद्योगिक कर्जा लगानी स्थिति (रु.दश लाखमा) | १९ |
| चार्ट ४.३ | औद्योगिक कर्जामा प्रदेशगत हिस्सा | २० |
| चार्ट ५.१ | पर्यटक आगमन सङ्ख्या | २६ |
| चार्ट ५.२ | बैंक तथा वित्तीय संस्थाका शाखा सङ्ख्या | २७ |
| चार्ट ५.३ | निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा) | २८ |
| चार्ट ८.१ | आर्थिक वर्ष २०८२/८३ को प्रदेशगत बजेटको अर्ध वार्षिक प्रगति | ४७ |

# सारांश

## अन्तर्राष्ट्रिय स्थिति

१. अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) द्वारा अप्रिल २०२६ मा अद्यावधिक गरिएको World Economic Outlook (WEO) अनुसार सन् २०२५ मा ३.४ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२६ मा ३.१ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।

२. अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२५ मा ४.१ प्रतिशत रहेको विश्व अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२६ मा ४.४ प्रतिशत रहने प्रक्षेपण छ। विश्वका विकसित मुलुकहरूको मुद्रास्फीति दर सन् २०२५ मा २.५ प्रतिशत रहेकोमा सन् २०२६ मा २.८ प्रतिशत रहने प्रक्षेपण छ ।

## आर्थिक वृद्धि

३. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहने संशोधित अनुमान रहेको छ ।

४. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ ।

## कृषि क्षेत्र

५. आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा खाद्य तथा अन्य बालीको उत्पादन ६.७६ प्रतिशतले घटेको छ। तरकारी तथा बागबानीको उत्पादन १.०२ प्रतिशतले वृद्धि भएको छ। फलफूल उत्पादनमा ६.५१ प्रतिशतले वृद्धि भएको छ भने मसला उत्पादनमा ५.७० प्रतिशतले ह्रास आएको छ ।

६. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन २५.९७ प्रतिशतले घटेको छ भने मासु उत्पादन ७.३७ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, समीक्षा अवधिमा अन्डा उत्पादन ६.७३ प्रतिशतले बढेको छ। वनजन्य उत्पादन अन्तर्गत दाउरा उत्पादन १९.८० प्रतिशतले र काठ उत्पादन २.९० प्रतिशतले घटेको छ ।

## उद्योग क्षेत्र

७. समीक्षा अवधिमा उद्योगको क्षमता उपयोग औसतमा ४२.११ प्रतिशत रहेको छ ।

८. २०८२ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ३०.८२ प्रतिशत रहेको छ ।

## सेवा क्षेत्र

९. आर्थिक वर्ष २०८२/८३ को साउनदेखि पुससम्म ६ महिना अवधिमा ६ लाख ३ हजार १ सय ५० जना पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

१०. घरजग्गा रजिष्ट्रेशन सङ्ख्या १०.४ प्रतिशतले घटेर २ लाख ५ हजार ६ सय ८८ कायम भएको छ। घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ६८.५ प्रतिशतले बढेर रु.१८ अर्ब ९९ करोड ४ लाख पुगेको छ। घर/भवन स्थायी नक्सा पास सङ्ख्या ७.५ प्रतिशतले घटेर १४ हजार ७ सय ३२ पुगेको छ ।

११. २०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप १५.३९ प्रतिशतले वृद्धि भएको छ भने कर्जा प्रवाह ६.२४ प्रतिशतले वृद्धि भएको छ ।

१२. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप र कर्जामा बागमती प्रदेशको अंश क्रमशः ६५.५२ प्रतिशत र ६०.३३ प्रतिशत रहेको छ । निक्षेप र कर्जामा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम क्रमशः १.२२ प्रतिशत र १.११ प्रतिशत रहेको छ ।

१३. २०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तसम्ममा दर्ता भएका कुल सवारी साधनको सङ्ख्या ७.२२ प्रतिशतले वृद्धि भएको छ ।

१४. २०८२ पुस मसान्तमा छनोटमा परेका सहकारी संस्थाहरूको कुल पुँजी २०८१ पुस मसान्तको तुलनामा ०.०४ प्रतिशतले घटेको छ । उक्त सहकारीहरूको कुल बचत ८.९१ प्रतिशतले र कुल कर्जा १.५५ प्रतिशतले बढेको छ ।

## पूर्वाधार

१५. आर्थिक वर्ष २०८२/८३ को साउनदेखि पुस मसान्तसम्ममा कालोपत्रे स्तरको सडक १५९.०१ कि.मि., ग्रावेल स्तरको सडक ४ कि.मि. र माटे सडक ३२ कि.मि. निर्माण सम्पन्न भएको छ ।

## बाह्य क्षेत्र र रोजगारी

१६. आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा कुल वस्तु निर्यात ४३.७६ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४२ अर्ब २ करोड पुगेको छ भने कुल वस्तु आयात १४.१८ प्रतिशतले वृद्धि भई रु.९ खर्ब ३९ अर्ब २ करोड पुगेको छ ।

१७. आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा वैदेशिक रोजगारीमा (पुनःश्रम स्वीकृति समेत) जानेको संख्या ३,९६,०८६ रहेको छ । यसमध्ये मधेश प्रदेशको अंश सबैभन्दा बढी २२.०१ प्रतिशत र कर्णाली प्रदेशको अंश सबै भन्दा कम २.५ प्रतिशत रहेका छन् ।

## संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

१८. आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारले कुल रु.१९ खर्ब ६४ अर्ब बजेट विनियोजन गरेकोमा २०८२ पुस मसान्तसम्ममा रु.६ खर्ब ९० अर्ब खर्च भएको छ । नेपाल सरकारले बजेटको अर्धवार्षिक समीक्षामा वार्षिक बजेटलाई संशोधन गरी कुल रु.१६ खर्ब ८८ अर्ब कायम गरेको थियो ।

१९. आर्थिक वर्ष २०८२/८३ मा कुल प्रादेशिक बजेट रु.२ खर्ब ८७ अर्ब विनियोजन भएकोमा समीक्षा अवधिमा १४.१६ प्रतिशत अर्थात् रु.४० अर्ब ७३ करोड खर्च भएको छ, जसमध्ये चालु खर्च २१.४३ प्रतिशत र पुँजीगत खर्च ९.३३ प्रतिशत भएको छ ।

## आर्थिक परिदृश्य

२०. आर्थिक वर्ष २०८२/८३ मा आर्थिक क्रियाकलाप अघिल्लो वर्षको तुलनामा सकारात्मक हुने अनुमान छ । सरकारको नीतिगत सुधार, प्रभावकारी बजेट व्यवस्थापन तथा नयाँ विकास कार्यक्रमहरूको कार्यान्वयनले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने, उत्पादन, व्यापार तथा सेवा क्षेत्रका गतिविधिहरूमा क्रमिक वृद्धि हुने र अर्थतन्त्र चलायमान भई आर्थिक गतिविधि बढ्ने अनुमान रहेको छ ।

२१. आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रयमाससम्म मुद्रास्फीति वाञ्छनीय सीमा भित्र रहेतापनि पश्चिम एशियालगायत विश्व–भूराजनीतिमा देखिएको तनावका कारण पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले समग्र आपूर्ति श्रृंखलामा असर गरी मूल्य माथि चाप पर्ने देखिन्छ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले आर्थिक, वित्तीय र मौद्रिक नीति निर्माणको लागि आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमयजस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन गरी विभिन्न प्रकारका तथ्यपरक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यसै क्रममा बैंकले मुलुकको वास्तविक क्षेत्रको स्थितिको विश्लेषण, सम्भावना र चुनौतीको पहिचान र सम्बन्धित क्षेत्रको परिदृश्य समेत समावेश हुने आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

नेपालको संविधान, २०७२ जारी भएसँगै मुलुक सङ्घीय संरचनामा रूपान्तर भएपश्चात् प्रदेश र स्थानीय तहलाई समेत नीतिनिर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि सबै जिल्लाहरु समावेश गरी प्रदेशगत र एकीकृत आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरू वार्षिक र अर्ध-वार्षिक रूपमा प्रकाशन गर्न थालिएको छ । यसै सन्दर्भमा आर्थिक वर्ष २०८२/८३ को साउनदेखि पुस मसान्तसम्म (अर्ध-वार्षिक) को तथ्याङ्कमा आधारित भई यो आर्थिक गतिविधि अध्ययन (एकीकृत) तयार गरिएको छ ।

यस अध्ययनको उद्देश्य सङ्घीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने रहेको छ । साथै, विभिन्न आर्थिक क्षेत्रहरूको स्थिति र यसमा भइरहेका परिवर्तनलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

१.२.१. आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति तथा आगामी अवधिको आर्थिक परिदृश्य यस प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा, पूर्वाधार र बाह्य क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतीहरू तथा आर्थिक परिदृश्यका सम्बन्धमा सङ्क्षिप्त विश्लेषण गरिएको छ ।

१.२.२. नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संसोधन २०७९ समेत) अनुसार मुलुकको सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलतः स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरूबाट प्राप्त विवरणको आधारमा समेत यो प्रतिवेदन तयार गरिएको छ ।

१.२.३. अध्ययनको लागि तथ्याङ्क तथा विवरण देहायबमोजिम सङ्कलन गरिएको छः

(क) कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवम् मातहतका निर्देशनालय, कृषि विकास कार्यालय तथा पशु विकास कार्यालयहरुबाट सङ्कलन गरिएको छ ।

(ख) औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमुना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण तथा विद्युतीय माध्यमबाट सङ्कलन गरिएको छ ।

(ग) बैंकिङसम्बन्धी तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरूबाट सङ्कलन गरिएको छ । पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवम् नमुना छनौटमा परेका होटलहरूबाट, घरजग्गा नक्शापास

सम्बन्धी तथ्याङ्क सम्बन्धित महानगरपालिका /उपमहानगरपालिका/ नगरपालिकाबाट सङ्कलन गरिएको छ ।

(घ) पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरूबाट सङ्कलन गरिएको छ । तथ्याङ्क तथा सूचनाहरू सङ्कलनको लागि स्थलगत भ्रमणका अलावा इमेल, टेलिफोन, वेवसाइटलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ ।

## १.३ अध्ययनको सीमा

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनमा विभिन्न प्रकारका सीमाहरू रहेकोले अध्ययन प्रतिवेदनको उपयोगमा सजगता अपनाउनु आवश्यक छ ।

१.३.१. मुलुकमा संघीयता कार्यान्वयनमा आए पश्चात् तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकोले तथ्याङ्क सङ्गठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरूप: कृषि उत्पादन र पूर्वाधारलगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत एकरूपता कायम हुन सकेको छैन ।

१.३.२. त्यसैगरी, कतिपय उद्योग व्यवसायहरूबाट तथ्याङ्क उपलब्ध गराउन हिच्किचाउने तथा समयमै उपलब्ध नहुनाका साथै अपूरो तथ्याङ्क उपलब्ध गराउने गरेकाले यथार्थ आर्थिक स्थितिको चित्रण गर्न कठिनाइ हुने गरेको छ ।

१.३.३. भौतिक निर्माणतर्फ, गाउँपालिकाहरूले निर्माण गरेका सडक, सिँचाई र खानेपानी आयोजनाहरूको जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन सकेको छैन । सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने निकाय एकभन्दा बढी भएको र प्रत्येक निकायहरूले उपलब्ध गराउने विवरणमा भिन्नता देखिने गरेको छ । प्रस्तुत अध्ययनमा नमुना छनौटमा परेका निकायहरूबाट प्राप्त विवरणलाई आधिकारिक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रस्तुत प्रतिवेदनमा ९ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय पश्चात् परिच्छेद २ मा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक स्थिति प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा, परिच्छेद ६ मा पूर्वाधार र परिच्छेद ७ मा वाह्य क्षेत्र र रोजगारीसँग सम्बन्धित तथ्याङ्क तथा विवरण प्रस्तुत गरिएको छ । परिच्छेद ८ मा सङ्घीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना र परिच्छेद ९ मा आर्थिक परिदृष्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २
# अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक स्थिति

## २.१ विश्व आर्थिक स्थिति

२.१.१. अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) द्वारा अप्रिल २०२६ मा अद्यावधिक गरिएको World Economic Outlook (WEO) अनुसार सन् २०२५ मा ३.४ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२६ मा ३.१ प्रतिशतले मात्र वृद्धि हुने प्रक्षेपण छ ।

२.१.२. सन् २०२५ मा विकसित अर्थतन्त्र १.९ प्रतिशतले र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्र ४.४ प्रतिशतले विस्तार भएकोमा सन् २०२६ मा उक्त अर्थतन्त्रहरु क्रमशः १.८ प्रतिशतले र ३.९ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण रहेको छ । सन् २०२५ मा ३.६ प्रतिशतले विस्तार भएको मध्यपूर्व तथा मध्य एसियाको अर्थतन्त्र सन् २०२६ मा १.९ प्रतिशतले  संकुचन हुने प्रक्षेपण रहेको छ ।

**तालिका २.१: विश्वको आर्थिक वृद्धिदर**

| अर्थतन्त्र | २०२५ | २०२६प्र |
|---|---|---|
| विश्व अर्थतन्त्र | ३.४ | ३.१ |
| विकसित अर्थतन्त्र | १.९ | १.८ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.४ | ३.९ |
| उदीयमान तथा विकासशील एसिया | ५.५ | ४.९ |
| उदीयमान तथा विकासशील युरोप | २.० | २.० |
| ल्याटिन अमेरिका तथा क्यारेबियन | २.४ | २.३ |
| मध्यपूर्व तथा मध्य एसिया | ३.६ | १.९ |
| सब साहारा अफ्रिका | ४.५ | ४.३ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२६ ।*

२.१.३. सन् २०२५ को तुलनामा सन् २०२६ मा नेपालीहरूको प्रमुख वैदेशिक रोजगार गन्तव्य मुलुकहरूको आर्थिक वृद्धिदर औसतमा घट्ने प्रक्षेपण रहेको छ ।

**तालिका २.२: नेपालीहरूको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरूको आर्थिक वृद्धिदर**

| मुलुक | २०२५ | २०२६प्र |
|---|---|---|
| साउदी अरेबिया | ४.५ | ३.१ |
| कतार | २.८ | -८.६ |
| यूएई | ५.८ | ३.१ |
| बहराइन | ३.१ | -०.५ |
| कुवेत | ३.५ | -०.६ |
| ओमान | २.४ | ३.५ |
| जापान | १.२ | ०.७ |
| मलेसिया | ५.२ | ४.७ |
| दक्षिण कोरिया | १.० | १.९ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२६ ।*

सन् २०२५ को तुलनामा सन् २०२६ मा नेपालीहरूको प्रमुख श्रम गन्तव्य मुलुक कतार, बहराइन र कुवेतको आर्थिक वृद्धिदर ऋणात्मक रहने प्रक्षेपण रहेको छ भने मलेसिया, ओमान, साउदी अरेबिया र यूएईको आर्थिक वृद्धिदर धनात्मक रहने प्रक्षेपण रहेको छ ।

२.१.४. सन् २०२५ को तुलनामा सन् २०२६ मा दक्षिण एसियाली देशहरूमध्ये बंगलादेश, भुटान र पाकिस्तानको आर्थिक वृद्धिदर विस्तार हुने प्रक्षेपण रहेको छ भने भारत, माल्दिभ्स र नेपालको आर्थिक वृद्धिदर संकुचित हुने प्रक्षेपण रहेको छ ।

**तालिका २.३: दक्षिण एसियाली देशहरू तथा चीनको आर्थिक वृद्धिदर**

| मुलुक | २०२५ | २०२६प्र |
|---|---|---|
| बंगलादेश | ३.५ | ४.७ |
| भुटान | ७.१ | ७.५ |
| भारत | ७.६ | ६.५ |
| माल्दिभ्स | ५.० | ३.० |
| नेपाल | ४.६ | ३.० |
| पाकिस्तान | ३.१ | ३.६ |
| चीन | ५.० | ४.४ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२६ ।*

## २.२ मूल्य स्थिति

२.२.१. अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२५ मा ४.१ प्रतिशत रहेको विश्व अर्थतन्त्रको मुद्रास्फीति दर सन् २०२६ मा ४.४ प्रतिशत रहने प्रक्षेपण छ ।

२.२.२. विश्वका विकसित मुलुकहरूको मुद्रास्फीति दर सन् २०२५ मा २.५ प्रतिशत रहेकोमा सन् २०२६ मा २.८ प्रतिशत रहने प्रक्षेपण छ । त्यसैगरी, उदीयमान तथा विकासशील मुलुकहरूको मुद्रास्फीति दर सन् २०२५ मा ५.२ प्रतिशत रहेकोमा सन् २०२६ मा ५.५ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

२.२.३. पश्चिम एशियामा जारी द्वन्द्वका कारण मध्यपूर्व तथा मध्य एसियाको मुद्रास्फीति दर वृद्धि हुने अनुमान छ । उक्त द्वन्द्वले समग्र विश्व अर्थतन्त्रको मुद्रास्फीतिमा प्रभाव पार्ने देखिन्छ ।

**तालिका २.४: विश्वको मुद्रास्फीति** (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

| अर्थतन्त्र | २०२५ | २०२६प्र |
|---|---|---|
| विश्व अर्थतन्त्र | ४.१ | ४.४ |
| विकसित अर्थतन्त्र | २.५ | २.८ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ५.२ | ५.५ |
| उदीयमान तथा विकासशील एसिया | १.१ | २.६ |
| उदीयमान तथा विकासशील युरोप | १३.५ | १०.५ |
| ल्याटिन अमेरिका तथा क्यारेबियन | ७.६ | ६.७ |
| मध्यपूर्व तथा मध्य एसिया | ११.२ | ११.९ |
| सब साहारा अफ्रिका | १२.५ | ८.८ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२६ ।*

२.२.४. सन् २०२५ को तुलनामा सन् २०२६ मा दक्षिण एसियाली मुलुकहरूमध्ये बङ्गलादेशको उपभोक्ता मुद्रास्फीति दर सबैभन्दा धेरै र चीनको सबैभन्दा कम रहने प्रक्षेपण छ ।

**तालिका २.५: दक्षिण एसियाली मुलुक तथा चीनको मुद्रास्फीति** (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

| मुलुक | २०२५ | २०२६प्र |
|---|---|---|
| बङ्गलादेश | १०.० | ९.२ |
| भुटान | २.६ | ४.० |
| भारत | २.१ | ४.७ |
| मालदीभ्स | ३.५ | ३.० |
| नेपाल | ४.१ | ३.१ |
| पाकिस्तान | ४.५ | ७.२ |
| चीन | ०.० | १.२ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल २०२६ ।*

## २.३ नेपालको समष्टिगत आर्थिक स्थिति

२.३.१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत (प्रचलित मूल्यमा रु.६६ खर्ब) रहने अनुमान छ। गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहने संशोधित अनुमान रहेको छ।

२.३.२. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ। त्यसैगरी, प्रतिव्यक्ति आम्दानी १५१३ अमेरिकी डलर रहने प्रारम्भिक अनुमान छ।

## २.४ अन्तर प्रदेश तुलना

२.४.१. राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.७१ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.२० प्रतिशत) रहेको छ।

२.४.२. कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२१.३६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.५१ प्रतिशत) रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३१.७४ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (२.९९ प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (४५.४५ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.९७ प्रतिशत) रहेको छ।

**तालिका २.६: प्रादेशिक आर्थिक परिसूचकहरू (आर्थिक वर्ष २०८२/८३)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | १०४३.११ | ८६३.३३ | २४२३.१२ | ५९२.६८ | ९३६.७२ | २७७.२५ | ४६३.८९ | ६६००.१० |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८० | १३.०८ | ३६.७१ | ८.९८ | १४.२० | ४.२० | ७.०३ | १००.०० |
| आर्थिक वृद्धिदर | ३.१३ | १.३१ | ५.४० | ५.०१ | २.८७ | २.९४ | ३.२८ | **३.८५** |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.३६ | १९.०४ | १७.१४ | ९.५९ | १७.५८ | ५.५१ | ९.७८ | १००.०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.७२ | ११.२५ | ३१.७४ | १२.०५ | १५.३५ | २.९९ | ६.९० | १००.०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७५ | ११.१९ | ४५.४५ | ८.०४ | १२.६१ | ३.९७ | ५.९९ | १००.०० |
| कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | | | | |
| कृषि क्षेत्र | ३२.४८ | ३४.९७ | ११.२३ | २५.६६ | २९.७६ | ३१.५२ | ३३.४३ | **२४.०३** |
| उद्योग क्षेत्र | १७.६७ | १२.१८ | १२.२४ | १९.०० | १५.३२ | १०.०७ | १३.९१ | **१४.१६** |
| सेवा क्षेत्र | ४९.८५ | ५२.८५ | ७६.५३ | ५५.३४ | ५४.९२ | ५८.४१ | ५२.६६ | **६१.८१** |


*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८३।*

# परिच्छेद ३
# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

**खाद्य तथा अन्य बाली :** आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ४.२१ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.९२ प्रतिशतले घटेको थियो । समग्र खाद्य तथा अन्य बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै ३६.८२ प्रतिशत रहेको छ । प्रमुख खाद्य बालीमध्ये मकै बालीको क्षेत्रफल २३.४६ प्रतिशत र गहुँ बालीको क्षेत्रफल १४.२२ प्रतिशत रहेको छ । कोदो बालीको क्षेत्रफल ५.५८ प्रतिशत र जौ बालीको क्षेत्रफल ०.३९ प्रतिशत रहेको छ ।

**चार्ट ३.१: प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालयहरू ।*

**तरकारी तथा बागवानी :** समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल ९.१० प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.४१ प्रतिशतले बढेको थियो ।

**फलफूल :** समीक्षा अवधिमा फलफूल बालीले ढाकेको क्षेत्रफल ०.७९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल १.३८ प्रतिशतले बढेको थियो ।

**मसला :** समीक्षा अवधिमा मसला बालीले ढाकेको क्षेत्रफल ६.६६ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीले ढाकेको क्षेत्रफल ५.८२ प्रतिशतले बढेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा अवधिमा बागमती र कर्णाली प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल बढेको छ भने बाँकी प्रदेशमा यस्तो क्षेत्रफल घटेको छ । तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल मधेस, गण्डकी, लुम्बिनी तथा कर्णाली प्रदेशमा बढेको छ भने कोशी, बागमती र सुदूरपश्चिम प्रदेशमा घटेको छ । समीक्षा अवधिमा कोशी, मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल वृद्धि भएको छ भने बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल घटेको छ। मसला बालीले ढाकेको क्षेत्रफल कोशी, बागमती, लुम्बिनी र कर्णाली प्रदेश बाहेकका प्रदेशहरूमा घटेको छ। धान बालीले ढाकेको कुल क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी

(२५.९६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (२.९२ प्रतिशत) रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १(क-ख) मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र**

| प्रदेश | क्षेत्रफल (हेक्टर) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी प्रदेश | ८६४४२९ | ५००५९ | २५४१३ | २९०३९ | २४.०८ | १७.१८ | १७.६६ | ४०.१३ |
| मधेश प्रदेश | ७४२०८६ | ९३९४२ | ४६८९२ | ६४८६ | २०.६७ | ३२.२४ | ३२.५९ | ८.९६ |
| बागमती प्रदेश | ३४२९३४ | ४०११३ | १०७९८ | ५४७३ | ९.५५ | १३.७६ | ७.५० | ७.५६ |
| गण्डकी प्रदेश | ३४६९५४ | २०९२८ | १६७३६ | ६८४९ | ९.६७ | ७.१८ | ११.६३ | ९.४६ |
| लुम्बिनी प्रदेश | ७४६६७४ | ४१४३६ | १४५४८ | १०९०८ | २०.८० | १४.२२ | १०.११ | १५.०७ |
| कर्णाली प्रदेश | २६७२८५ | २०९६९ | १७३६२ | ५७७० | ७.४५ | ७.२० | १२.०७ | ७.९७ |
| सुदूरपश्चिम प्रदेश | २७९४२७ | २३९८० | १२१३३.५० | ७८३८ | ७.७८ | ८.२३ | ८.४३ | १०.८३ |
| **जम्मा** | **३५८९७८९** | **२९१४२६** | **१४३८८२** | **७२३६३** | १०० | १०० | १०० | १०० |


*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालयहरू।*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै २४.०८ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ७.४५ प्रतिशत रहेको छ (तालिका ३.१)। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा धेरै ३२.२४ प्रतिशत र गण्डकी प्रदेशको हिस्सा सबैभन्दा कम ७.१८ प्रतिशत रहेको छ। फलफूल बालीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा धेरै ३२.५९ प्रतिशत र बागमती प्रदेशको हिस्सा सबैभन्दा कम ७.५० प्रतिशत रहेको छ। यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै ४०.१३ प्रतिशत र बागमती प्रदेशको हिस्सा सबैभन्दा कम ७.५६ प्रतिशत रहेको छ।

## ३.२ कृषि उत्पादन

**खाद्य तथा अन्य बाली :** आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा खाद्य तथा अन्य बालीको उत्पादन ६.७६ प्रतिशतले घटेको छ भने गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १.७७ प्रतिशतले बढेको थियो। समग्र खाद्य तथा अन्य बालीको उत्पादनमा धान बालीको उत्पादन हिस्सा सबैभन्दा बढी ३७.४६ प्रतिशत रहेको छ। यसैगरी, मकै र गहुँ बालीको उत्पादन समग्र खाद्य तथा अन्य बालीको उत्पादनमा क्रमश: २०.४३ र १०.७५ प्रतिशत रहेको छ।

**चार्ट ३.२: प्रमुख कृषि बालीको उत्पादन (हजार मे.टनमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालयहरू।*

### धान बाली उत्पादनको प्रवृत्ति

विगत दस वर्षमा समग्र देशको धान बाली उत्पादनको तथ्याङ्क देहायबमोजिम रहेको छ । यस अवधिमा धान बालीको उत्पादकत्व अघिल्लो वर्षको तुलनामा सामान्य घटेको देखिन्छ ।

**तालिका ३.२: धान बालीको उत्पादन**

| आर्थिक वर्ष | क्षेत्रफल (हजार हेक्टरमा) | उत्पादन (हजार मेट्रिक टनमा) | उत्पादकत्व (मे.टन प्रति हेक्टर) |
|---|---|---|---|
| २०७३/७४ | १५५२ | ५२३० | ३.४० |
| २०७४/७५ | १४६९ | ५१५२ | ३.५० |
| २०७५/७६ | १४९२ | ५६१० | ३.८० |
| २०७६/७७ | १४५९ | ५५५१ | ३.८० |
| २०७७/७८ | १४७३ | ५६२२ | ३.८० |
| २०७८/७९ | १४७७ | ५१३० | ३.५० |
| २०७९/८० | १४४७ | ५५०७ | ३.८० |
| २०८०/८१ | १४३८ | ५७२९ | ४.०० |
| २०८१/८२ | १४२१ | ५९५५ | ४.१९ |
| २०८२/८३* | १३७७ | ५७०५ | ४.१४ |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

**प्रारम्भिक अनुमान*

**तरकारी तथा बागवानी** : समीक्षा अवधिमा तरकारी तथा बागवानी उत्पादन १.०२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन ३.६६ प्रतिशतले बढेको थियो ।

**फलफूल** : समीक्षा अवधिमा फलफूल बालीको समग्र उत्पादन ६.५१ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ३.७६ प्रतिशतले बढेको थियो ।

**मसला :** समीक्षा अवधिमा मसला बालीको समग्र उत्पादन ५.७० प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन १७.९४ प्रतिशतले घटेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा अवधिमा कर्णाली प्रदेश बाहेकका प्रदेशहरूमा खाद्य तथा अन्य बालीको उत्पादन घटेको छ । तरकारी तथा बागवानी उत्पादन मधेस, बागमती र लुम्बिनी प्रदेशमा बढेको छ भने बाँकी सबै प्रदेशमा घटेको छ। फलफूल बालीको उत्पादन मधेश, गण्डकी र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने कोशी, बागमती,लुम्बिनी र कर्णाली प्रदेशमा घटेको छ। त्यसैगरी, मसला उत्पादन गण्डकी र लुम्बिनी प्रदेशमा बढेको छ भने कोशी, मधेश, बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशमा घटेको छ। धान बालीको कुल उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २५.७६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.५४ प्रतिशत रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका २ (क-ख) मा दिइएको छ ।

**तालिका ३.३: कृषि बालीको उत्पादन**

| प्रदेश | उत्पादन (मेट्रिक टन) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी प्रदेश | ३९७८४२१ | ६८६३७७ | २०६३९६ | १३१७२१ | २७.२६ | १८.५२ | १९.१९ | २५.९९ |
| मधेश प्रदेश | २८५६९७७ | ९७७६०१ | ३७३०३० | ४४५९२ | १९.५८ | २६.३८ | ३४.६८ | ८.८० |
| बागमती प्रदेश | १३६३७५२ | ७९१०९६ | ५७२०६ | ५४६५४ | ९.३५ | २१.३५ | ५.३२ | १०.७८ |
| गण्डकी प्रदेश | ११८४८४५ | २५४४१५ | १२३४३७ | ५६६४३ | ८.१२ | ६.८७ | ११.४८ | ११.१८ |
| लुम्बिनी प्रदेश | ३००८११४ | ४६६८१० | १४४१०६ | ७३७०४ | २०.६१ | १२.६० | १३.४० | १४.५४ |
| कर्णाली प्रदेश | ८०५३९६ | २७११५ | ७७२५१ | ६६५१९ | ५.५२ | ७.३२ | ७.१८ | १३.१३ |
| सुदूर पश्चिम प्रदेश | १३९५०६२ | २५८२७३ | ९४२११ | ७८९२६ | ९.५६ | ६.९७ | ८.७६ | १५.५७ |
| **जम्मा** | १४५९२५६७ | ३७०५६८७ | १०७५६३७ | ५०६७५९ | १०० | १०० | १०० | १०० |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालयहरू ।*

खाद्य तथा अन्य बालीको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै २७.२६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.५२ प्रतिशत रहेको छ (तालिका ३.३) । तरकारी तथा बागवानी उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा धेरै २६.३८ प्रतिशत र गण्डकी प्रदेशको हिस्सा सबैभन्दा कम ६.८७ प्रतिशत रहेको छ । त्यस्तै, फलफूल बालीको उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा धेरै ३४.६८ प्रतिशत रहेको छ भने बागमती प्रदेशको हिस्सा सबैभन्दा कम ५.३२ प्रतिशत रहेको छ । मसला बालीको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २५.९९ प्रतिशत रहेको छ भने मधेश प्रदेशको हिस्सा सबैभन्दा कम ८.८० प्रतिशत रहेको छ ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुजन्य उत्पादन :** आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा दूध उत्पादन २५.९७ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा दूध उत्पादन ०.३५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा मासु उत्पादन ७.३७ प्रतिशतले बढेको छ भने गत वर्षको सोही अवधिमा मासु उत्पादन ०.४२ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा अन्डा उत्पादन ६.७३ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा अन्डा उत्पादन ५.६५ प्रतिशतले बढेको थियो । यसैगरी, समीक्षा अवधिमा ऊन तथा छाला उत्पादन क्रमशः २.७९ प्रतिशत र २५.८८ प्रतिशतले बढेको छ ।

**माछा उत्पादन :** समीक्षा अवधिमा माछा उत्पादन ६.६४ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा माछा उत्पादन ४.६२ प्रतिशतले घटेको थियो ।

**वनजन्य उत्पादन :** समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन क्रमश २.९० प्रतिशत र दाउरा उत्पादन १९.८० प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा काठ उत्पादन क्रमश ४.०३ प्रतिशत र दाउरा उत्पादन ४१.०८ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा सम्रग वनजन्य उत्पादन ०.६५ प्रतिशतले बढेको छ भने गत वर्षको सोही अवधिमा त्यस्तो उत्पादन २.९२ प्रतिशतले बढेको थियो । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ४ (क-ख) मा दिइएको छ ।


## तालिका ३.४: प्रमुख पशुपन्छी तथा माछा उत्पादन


| प्रदेश | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछा (मे.टन) | दूध | मासु | अण्डा | माछा |
| कोशी प्रदेश | ३१९५६७ | ४३८२४ | ७२७२८ | ७२६२ | १८.१४ | १३.१९ | १२.०४ | ११.४६ |
| मधेश प्रदेश | ४३६१९० | ११९५३७ | ६२१९५ | ३२५४४ | २४.७७ | ३५.९७ | १०.२९ | ५१.३८ |
| बागमती प्रदेश | २६१३३६ | २९२७८ | १३४२१३ | २७५ | १४.८४ | ८.८१ | २२.२१ | ०.४३ |
| गण्डकी प्रदेश | १८३५४९ | २७६०६ | १४३७२३ | ११५५७ | १०.४२ | ८.३१ | २३.७९ | १८.२५ |
| लुम्बिनी प्रदेश | २८०३१६ | ५५४१५ | १०८७९४ | १००४२ | १५.९२ | १६.६८ | १८.०१ | १५.८५ |
| कर्णाली प्रदेश | ४८३०८ | १७४१३ | १८९४२ | २११ | २.७४ | ५.२४ | ३.१४ | ०.३३ |
| सुदूर पश्चिम प्रदेश | २३२०१४ | ३९२१९ | ६३६०० | १००५०१ | १३.१७ | ११.८० | १०.५३ | २.२९ |
| **जम्मा** | **१७६१२७९** | **३३२२९३** | **६०४१९५** | **१६२३९२** | १०० | १०० | १०० | १०० |


*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु ।*

दूध उत्पादनको हिस्सा मधेश प्रदेशमा सबैभन्दा धेरै (२४.७७ प्रतिशत) रहेको छ भने सबैभन्दा कम हिस्सा कर्णाली प्रदेशमा (२.७४ प्रतिशत) रहेको छ (तालिका ३.४) । मासु उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा धेरै (३५.९७ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.२४ प्रतिशत) रहेको छ । अण्डा उत्पादनमा गण्डकी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२३.७९ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.१४ प्रतिशत) रहेको छ । यसैगरी, माछा उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा धेरै (५१.३८ प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (०.३३ प्रतिशत) रहेको छ ।

### चार्ट ३.३: प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा (प्रतिशत)










*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू*

## ३.४ सिँचाइ

समीक्षा अवधिमा कुल सिञ्चित क्षेत्रफल ०.२४ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा कुल सिञ्चित क्षेत्रफल ०.७९ प्रतिशतले बढेको थियो। कुल खेतीयोग्य भू-भागमध्ये ३८.२९ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। देशको कुल खेतीयोग्य क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै २२.९१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.८७ प्रतिशत रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ५ (क-ख) मा प्रस्तुत गरिएको छ।

**चार्ट ३.४: सिँचाइ क्षेत्रफलमा भएको विस्तार (हजार हेक्टरमा)**




*स्रोत : जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू।*

देशको कुल सिञ्चित क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा धेरै २४.४९ प्रतिशत रहेको छ र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.९५ प्रतिशत रहेको छ (तालिका ३.५)।

**तालिका ३.५: सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा**


| प्रदेश | क्षेत्रफल (हेक्टरमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| कोशी प्रदेश | ३१०६१४ | २३.८४ |
| मधेस प्रदेश | ३१९०८० | २४.४९ |
| बागमती प्रदेश | ९०७७८ | ६.९७ |
| गण्डकी प्रदेश | १५०८७१ | ११.५८ |
| लुम्बिनी प्रदेश | २४९४२३ | १९.१४ |
| कर्णाली प्रदेश | ६४४७२ | ४.९५ |
| सुदूर पश्चिम प्रदेश | ११७६८६ | ९.०३ |
| **जम्मा** | **१३०२९२४** | **१००.००** |

*स्रोत : जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू ।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा २.४९ प्रतिशतले घटेर रु.३ खर्ब ३३ अर्ब ११ करोड कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ३.३४ प्रतिशतले बढेको थियो । २०८२ पुस मसान्तसम्म प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु.६६ अर्ब ४४ करोड कर्जा पशुपालन शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा कम सुर्ती शीर्षकमा रु.१६ करोड ८९ लाख प्रवाह भएको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको १६.५६ प्रतिशत, मधेश प्रदेशको १८.३० प्रतिशत, बागमती प्रदेशको ३६.८८ प्रतिशत, गण्डकी प्रदेशको ६.९५ प्रतिशत, लुम्बिनी प्रदेशको १५.१४ प्रतिशत, कर्णाली प्रदेशको १.४७ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ४.७० प्रतिशत अंश रहेको छ (अनुसूची ६-क र ख) ।

**चार्ट ३.५: कृषि कर्जाको प्रदेशगत हिस्सा (प्रतिशत)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू, २०८२ पुस ।*

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.६.१ चुनौती

कृषि क्षेत्रले हाल विभिन्न संरचनागत तथा वातावरणीय चुनौतीहरूको सामना गरिरहेको छ । जलवायु परिवर्तनका कारण मौसमीय चक्रमा आएको असन्तुलन, तापक्रम वृद्धि, असामान्य वर्षा, बाढी, पहिरो तथा खडेरीजस्ता घटनाले कृषि उत्पादन र उत्पादकत्वमा प्रतिकूल असर पुऱ्याएका छन् । प्रदेशगत रूपमा कृषि क्षेत्रका चुनौतीलाई देहायबमोजिम तालिका ३.६ मा उल्लेख गरिएको छ ।

**तालिका ३.६: कृषि क्षेत्रका प्रदेशगत चुनौतीहरू**

| प्रदेश | कृषि क्षेत्रका चुनौती |
|---|---|
| कोशी प्रदेश | • परम्परागत, निर्वाहमुखी र जीविकोपार्जन खेती प्रणालीमा आश्रित रहेको कृषिलाई दिगो तथा आत्मनिर्भरमुखी बनाई कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्ने र यस क्षेत्रको व्यवसायीकरण गरी कृषि अर्थतन्त्रको विकास गर्नु ।<br>• कृषि उपजको व्यवसायिक उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषिमा आधारित उद्योगका लागि कच्चा पदार्थको व्यवसायिक उत्पादन गर्नु । |
| मधेस प्रदेश | • किसानहरूले उत्पादन गरेको कृषि उपजको उचित बजार, भण्डारण तथा प्रशोधन सुविधाको विकास गरी न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन गर्नु ।<br>• आधुनिक कृषि प्रविधि, जलवायु-स्मार्ट कृषि प्रणाली, डिजिटल कृषि सेवा, बाली बीमा, रोग तथा कीट व्यवस्थापन, माटो परीक्षण, बाली चक्र तथा कृषि यान्त्रीकरणसम्बन्धी ज्ञान र सेवामा किसानहरूको पहुँच बढाउनु । |
| बागमती प्रदेश | • जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका कारण कृषि चक्र परिवर्तन हुन थालेको परिप्रेक्ष्यमा यस्तो असरलाई नियन्त्रण गर्न रैथाने बीउबिजनको सुरक्षा र प्रयोग बढाउनु ।<br>• आयात गरिएको तरकारी तथा फलफूलको विषादी परीक्षणलाई विस्तारित र नियमित गरी गुणस्तरीय र रसायनमुक्त तरकारी तथा फलफूल उपलब्ध गराउनु । |
| गण्डकी प्रदेश | • कृषि उत्पादनलाई बजारमा सहज पहुँच पुग्ने गरी आधारभूत संरचनाको विकास गर्नु, कृषि उत्पादन भण्डारण सुविधा, प्रशोधन केन्द्र, यातायात सेवा, कृषि उत्पादनको बजारीकरण प्रक्रियामा संस्थागत सञ्जालको विस्तार र ग्रामीण क्षेत्रमा आधारभूत सेवाहरूको पहुँच पुऱ्याउनु ।<br>• जैविक विविधताको सन्तुलन र पारम्परिक बालीहरूको संरक्षण गर्दै जलवायु परिवर्तनको असरलाई कम गर्न जलवायु अनुकूल कृषि प्रविधिको प्रयोग गर्ने र वातावरणीय सन्तुलन कायम राख्ने कृषि प्रणालीलाई सुदृढ बनाउन रोग नियन्त्रणका लागि जैविक सुरक्षा तथा नियमित खोप अभियान सुदृढ गर्नु । |
| लुम्बिनी प्रदेश | • कृषि तथा पशु उत्पादनबाट तुलनात्मक लाभ लिनका लागि आवश्यक पूर्वाधार (सिँचाइ, सडक, बजार, विद्युत्, कृषि, उद्योग) ले महत्वपूर्ण भूमिका खेल्ने भएकाले यी क्षेत्रहरूको समन्वयात्मक रूपमा विकास गर्नु ।<br>• जलवायु परिवर्तनले खेतिबालीमा रोग/किराको समस्या, सिँचाइमा समस्या, बालिचक्रमा समस्या र जैविक विविधतामा समेत ह्रास हुन थालेकोले दिगो रुपमा कृषि उत्पादन गर्नु । |
| कर्णाली प्रदेश | • भौगोलिक रुपमा विकट रहेको यस प्रदेशमा कृषि उपजको बजार सुनिश्चितताका लागि आवश्यक पूर्वाधार र सिँचाई सुविधा उपलब्ध गराउनु ।<br>• कर्णाली प्रदेशका पहिचान एवम् निर्यातयोग्य रैथाने तथा प्राङ्गारिक उत्पादन जस्तैः मार्सी चामल, चिनो, फापर, कोदो, कागुनो, कुरिलो, जुनेलो, लट्टे, सिमी लगायतका कृषि उपजहरूको संरक्षण र प्रवर्द्धन गर्दै ब्रान्डिङ गरी बजारीकरण गर्नु । |
| सुदूरपश्चिम प्रदेश | • भारतबाट हुने कृषि उपजहरुको अवैध आयात निरुत्साहित गरी पुँजी र प्रविधिको प्रयोगमार्फत् स्वदेशी कृषि उत्पादनलाई प्रतिस्पर्धी बनाई आयातलाई प्रतिस्थापन गर्नु र परनिर्भता घटाउनु । |

| प्रदेश | कृषि क्षेत्रका चुनौती |
|---|---|
| | • उपयुक्त कृषि कार्यक्रम, योजना, रणनीति, वार्षिक बजेट तथा कार्ययोजना र नीति निर्माण गर्न कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न निकायहरुबाट संकलन हुने तथ्याङ्कमा स्पष्टता र एकरुपता कायम गर्नु । |

### ३.६.२ सम्भावना

नेपालको विविध भू-बनोट, जलवायु र प्राकृतिक स्रोतसाधनले कृषि क्षेत्रको विकासका लागि व्यापक सम्भावनाहरू रहेका छन् । सातै प्रदेशमा स्थानीय विशेषता अनुरूप विभिन्न प्रकारका बाली, फलफूल तथा पशुपालन व्यवसाय विस्तार गर्न सकिने प्रचुर सम्भावना रहेको छ। कृषि भूमिको संरक्षण गर्दै यसको प्रभावकारी उपयोग गर्न सके कृषि उत्पादनलाई व्यावसायिक र बहुआयामिक बनाउन सकिन्छ । साथै, जैविक कृषि प्रणालीको विकास, स्थानीय उत्पादनको प्रवर्द्धन, कृषि सेवा संरचनाको सुदृढीकरण तथा बागवानी क्षेत्रको विस्तारले कृषि क्षेत्रलाई आधुनिक र प्रतिस्पर्धी बनाउने सम्भावना थपिएको छ । यसबाहेक प्रदेशगत रूपमा रहेका सम्भावनालाई देहाय बमोजिम तालिका ३.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.७: कृषि क्षेत्रका प्रदेशगत सम्भावनाहरू**

| प्रदेश | कृषि क्षेत्रका सम्भावना |
|---|---|
| कोशी प्रदेश | • कोशी प्रदेशको ७ वटा मध्यपहाडी जिल्लाहरुको स्थानीय तहहरुमा फलफूलबालीको विकास र विस्तारका लागि Nuts and Fruits in Hilly Areas Project (NAFHA) फलफूल बाली लक्षित आयोजना लागु हुने भएकोले इलाम, पाँचथर, धनकुटा, संखुवासभा जस्ता जिल्लाहरूमा विस्तार हुँदै गएको व्यवसायिक सुन्तला, किवी, एभोकाडो खेतीलाई प्रर्वद्धन गरी कृषिजन्य आयातलाई प्रतिस्थापन गर्न सकिने ।<br>• कोशी प्रदेशको १३ वटा जिल्लाहरुमा संघ सशर्त अनुदान अन्तर्गत सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजना (IMEP) चालु आर्थिक वर्ष २०८२/८३ देखि कार्यान्वयनमा आउने भएकोले कोशी प्रदेशको समग्र खेतीयोग्य जमिनमा सिँचाइ सुविधामार्फत विशेष गरी खाद्यान्न बाली धान, मकै र गहुँको उत्पादनमा वृद्धि हुने । |
| मधेस प्रदेश | • मधेश प्रदेशमा सबैभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुहरुको व्यावसायिक उत्पादनका साथै खपतका लागि बजारको पनि उच्च सम्भावना रहेको ।<br>• मधेश प्रदेशमा समतल उर्वर भूमिको प्रचुरता रहेकोले सिँचाइ सुविधामार्फत कृषियोग्य भूमिको क्षेत्रफल विस्तार गरी खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने । |
| बागमती प्रदेश | • खाद्यान्न, फलफूल, तरकारी, नगदेवाली, पशुपन्छी एवम् मत्स्य उत्पादनका लागि भौगोलिक तथा हावापानीमा भएको विविधताले यस प्रदेशमा कृषि विकासको सम्भावना रहेको ।<br>• कृषि अनुसन्धानलाई विशेष प्राथमिकता दिई नेपाल कृषि अनुसन्धान परिषद् (NARC) लाई अनुसन्धानमा आवश्यक सहयोग गरी Post Harvest Technology सम्बन्धी बहुवर्षीय अनुसन्धान र विकासको योजना ल्याउने सम्भावना रहेको । |
| गण्डकी प्रदेश | • ग्रामीण तथा कृषि सडक विस्तार गर्दै हिमाली क्षेत्रमा उत्पादन हुने स्याउ, खुर्पानी, आलुको बजारसम्मको पहुँच विस्तार गरी त्यस्ता वस्तुको उत्पादन बढाउन सकिने । |

| प्रदेश | कृषि क्षेत्रका सम्भावना |
|---|---|
| | • उच्च पहाडी क्षेत्रमा भेडा, च्याङ्ग्रा र चौरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको । पशुपालन व्यवसाय प्रवर्द्धनले ऊन, दुध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने । |
| लुम्बिनी प्रदेश | • यस प्रदेशका पहाडी जिल्लामा प्रशस्त मात्रामा प्राकृतिक घाँस पाईने हुनाले पशुपालनलाई पहिलो प्राथमिकतामा राखेर स्थानीय उत्पादनमा जोड दिन सकेमा कृषि क्षेत्रमा स्वरोजगार सिर्जना गरी उल्लेख्य आम्दानी बढाउन सकिने ।<br>• युवा लक्षित व्यावसायिक एवम् आधुनिक/अर्गानिक कृषि कार्यक्रममार्फत बाँझो हुन लागेका खेत तथा पाखो बारीको समेत पूर्ण उपयोग गर्न सकेमा यस प्रदेशबाट खाद्य तथा अन्य वालीहरुको निर्यात समेत गर्न सकिने । |
| कर्णाली प्रदेश | • यस प्रदेशमा कृषि तथा जडिबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने ।<br>• अर्गानिक कृषि खेतीका लागि सुहाँउदो भौगोलिक बनावट, संघीय, प्रादेशिक र स्थानीय स्तरका सरकारबाट अर्गानिक कृषि खेतीलाई प्राथमिकता, स्थानीय र अन्तर्राष्ट्रिय स्तरमा अर्गानिक वस्तुहरुको माग वृद्धि, लगायत कृषि पर्यटन र निर्यातको उच्च सम्भावना रहेकोले यस प्रदेशलाई अर्गानिक कृषि उत्पादनको हबको रुपमा स्थापित गर्न सकिने । |
| सुदूरपश्चिम प्रदेश | • रानीजमरा कुलरिया सिँचाई र महाकाली सिँचाइ परियोजना जस्ता बहुवर्षिय तथा बहुउद्देश्यीय परियोजनाका साथै साना सिँचाइ निर्माण कार्यक्रमले सिँचाई सुविधाको विस्तार भई कृषि उत्पादन बढ्ने ।<br>• पछिल्लो समय पहाडी तथा हिमाली जिल्लाहरुमा उत्पादन हुने कृषि उत्पादनको माग बढ्दै गएकोले यस प्रदेशमा कृषि-वन-व्यवसायको सन्तुलित विकासमार्फत् दिगो, वातावरणमैत्री, जलवायुमैत्री कृषि प्रणालीको विकास र अर्गानिक उत्पादनको प्रर्वद्धन गरी कृषकहरुको आयस्तर वृद्धि गर्न सकिने । |

**बक्स १: तिलोत्तमा हिमाली खाद्य उत्पादन तथा अनुसन्धान केन्द्र प्रा. लि.**






आर्थिक वर्ष २०७१/७२ मा उद्योग विभागमा दर्ता भई सञ्चालनमा आएको तिलोत्तमा हिमाली खाद्य उत्पादन तथा अनुसन्धान केन्द्र प्रा. लि. दोलखा जिल्लाको भीमेश्वर नगरपालिका-८, बोचमा अवस्थित छ । यस कम्पनीले विशेष गरी किवी खेती, रेन्बो ट्राउट माछा पालन र च्याउको बिउ उत्पादनका लागि अत्याधुनिक प्रयोगशाला तथा पूर्वाधारहरू निर्माण गरी सञ्चालन गरिरहेको छ । करिब ४२ रोपनी क्षेत्रफलमा फैलिएको

यस कम्पनीले ५-७ जनालाई प्रत्यक्ष रोजगारी दिइ रहेको छ । स्थिर सम्पत्ति सहित करीब रु. पाँच करोड स्वपुंजीमा स्थापना भएको यस संस्थाले एकीकृत कृषि प्रणाली, अनुसन्धान र नर्सरी व्यवस्थापनलाई उच्च प्राथमिकता दिँदै आएको छ ।

यस केन्द्रले किवी फल, कागती, एभोकाडो, आलु लगायतका अन्य स्थानीय तरकारीहरूको प्रशोधनका साथै कन्या र सिटाके च्याउको बिउ उत्पादन गर्दै आएको छ । साथै, स्थानीय कृषकसँग 'करार खेती' (Contract Farming) मार्फत किवी तथा अन्य मौसमी फलफुल संकलन गरी चिस्यान केन्द्रमा भण्डारण गर्ने सुविधा समेत प्रदान गरेको छ। कृषि तथा पशु विज्ञानमा दक्ष प्राविधिक जनशक्तिद्वारा व्यवस्थित यस उद्योगले स्थानीय कृषकहरूलाई तालिम र प्रविधि हस्तान्तरण गरी रोजगारी सिर्जनामा समेत महत्वपूर्ण योगदान दिएको छ । कम्पनीले आफ्ना उत्पादनहरु स्थानीय चरीकोट बजार लगायत काठमाडौंमा समेत निरन्तर रुपमा आपूर्ति गरिरहेको छ । हाल व्यवसाय विस्तारको क्रममा रहेको उक्त कम्पनीले निकट भविष्यमा अर्गानिक फार्म र रिसोर्ट निर्माण गर्ने योजना रहेको जनाएको छ ।

आगामी दिनमा सरकारले 'करार खेती' (Contract Farming) सम्बन्धी स्पष्ट नीति, प्रशोधन केन्द्रका लागि अनुदान र स्थानीय उत्पादनहरूको ब्रान्डिङका लागि आवश्यक पूर्वाधार विकास गरी अन्तर्राष्ट्रिय बजारसम्म पहुँच पुऱ्याउन सकेमा  यसले राष्ट्रिय अर्थतन्त्रमा ठुलो टेवा पुऱ्याउने देखिन्छ ।

# परिच्छेद ४
# उद्योग क्षेत्र

## ४.१ प्रदेशगत उद्योगको विवरण

उद्योग विभागको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा देशभर साना, मझौला र ठूला गरी थप ४ सय ६१ नयाँ उद्योगहरू दर्ता भएका छन् । यस अवधिमा बागमती प्रदेशमा सबैभन्दा बढी ३६३ वटा र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ४ वटा उद्योग दर्ता भएका छन् । समीक्षा अवधिमा दर्ता भएका उद्योगहरूमा प्रस्तावित विदेशी लगानी रु. ५५ अर्ब ८३ करोड रहेको छ भने सो उद्योगहरुले २२ हजार ८ सय ८५ जनालाई रोजगारी सिर्जना गरेको छ ।

**तालिका ४.१: आर्थिक वर्ष २०८२/८३ को प्रथम ६ महिनामा उद्योग विभागमा दर्ता भएका उद्योगहरूको विवरण**

| प्रदेश | उद्योगको सङ्ख्या | कुल पुंजी (रु करोडमा) | कुल स्थिर पुंजी (रु करोडमा) | चालु पुंजी (रु करोडमा) | रोजगारी | कुल प्रस्तावित विदेशी लगानी (रु करोडमा) |
|---|---|---|---|---|---|---|
| कोशी प्रदेश | २१ | ७१२४.०४ | ३७३०.३१ | ३३९३.७३ | १०९३ | २१.७४ |
| मधेस प्रदेश | २५ | ८६७.१६ | ७९७.८३ | ६९.३३ | १३५६ | ७८.०० |
| बागमती प्रदेश | ३६३ | १५.०० | ११.८४ | ३.१६ | १६८७५ | ५११२.५२ |
| गण्डकी प्रदेश | १९ | ७६५.२५ | ६७५.८५ | ८९.४१ | ९१९ | १६५.९० |
| लुम्बिनी प्रदेश | २४ | ९९८.७२ | ८०३.७१ | १९५.०२ | २२९२ | १६४.५० |
| कर्णाली प्रदेश | ५ | ११९७.४० | ११०५.१४ | ९२.२६ | १६३ | ३९.०० |
| सुदूरपश्चिम प्रदेश | ४ | २२८.७२ | २१९.७१ | ९.०१ | १८७ | २.०० |
| **कुल** | **४६१** | **१११९६.३०** | **७३४४.३९** | **३८५१.९१** | **२२८८५** | **५५८३.६५** |


*स्रोत : उद्योग विभाग, २०८२*

## ४.२ उद्योगको क्षमता उपयोग र उत्पादन

समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका कुल १९५ उद्योगहरूको औसत क्षमता उपयोग ४२.११ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा उक्त उद्योगहरूको औसत क्षमता उपयोग ४२.९४ प्रतिशत रहेको थियो । सर्वेक्षणमा समेटिएका उद्योगहरुमध्ये गार्मेण्ट उद्योगको क्षमता उपयोग ९५.७४ प्रतिशत, अन्य लत्ता कपडा उत्पादन गर्ने उद्योगको क्षमता उपयोग ९०.०० प्रतिशत रहेको छ । यसैगरी, जलविद्युत उत्पादन गर्ने उद्योगको क्षमता उपयोग ८२.७४ प्रतिशत, टायर तथा ट्यूव उत्पादन गर्ने उद्योगको क्षमता उपयोग ७६.२० प्रतिशत र चाउचाउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग ७०.०६ प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ७ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।


अध्ययनले समेटेका उद्योगहरूमध्ये गार्मेण्ट, चिनी, स्टिलजन्य उत्पादन, भटमासको तेल, आल्मुनियम उत्पादन, वियर, प्रशोधित छाला, मलम (Ointment), टायर तथा ट्यूब, अन्य रासायनिक पदार्थ (Liquid, Capsule), चिरेको काठ उत्पादन, हल्का पेय पदार्थ, मदिरा, विस्कुट, धागो, सिमेण्ट, आदि उत्पादन गर्ने उद्योगहरूको क्षमता उपयोग बढेको छ । त्यसैगरी, जि.आई. पाईप, कच्चा छाला, वनस्पती घिउ, चुरोट, ईटा, जि.आई. तार, Dry Syrup, फलामको छड तथा पत्ति तथा सामानहरु, चप्पल, गहुँको पिठो, प्रशोधित चिया, प्रशोधित दूध, कागज, बिजुलीका तार र केबुल, घरेलु धातुका सामान आदि उत्पादन गर्ने उद्योगहरूको क्षमता उपयोग घटेको छ ।

**चार्ट ४.१: प्रमुख उद्योगको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरू*

**चार्ट ४.२: प्रदेशगत क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरू*

*नोट : विभिन्न स्रोतहरूबाट तत्कालीन अवस्थाको तथ्याङ्क सङ्कलन गरिएको कारण प्रकाशित तथ्याङ्क अद्यावधिक तथ्याङ्कसँग मेल नहुन सक्ने ।*


सातै वटा प्रदेशको अघिल्लो आर्थिक वर्ष र समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगको औसत क्षमता उपयोग चार्ट ४.२ मा देखाइएको छ । प्रदेशगत रूपमा हेर्दा उद्योगको क्षमता उपयोग लुम्बिनी प्रदेशको सबैभन्दा बढी (५०.४४ प्रतिशत) र सुदूरपश्चिम प्रदेशको सबैभन्दा थोरै (३०.८२ प्रतिशत) रहेको छ । समग्रमा समीक्षा वर्षमा मधेश, बागमती, लुम्बिनी र कर्णाली प्रदेशको उद्योगको औसत क्षमता उपयोग बढेको छ भने कोशी, गण्डकी र सुदूरपश्चिम प्रदेशको उद्योगको औसत क्षमता उपयोग घटेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ८ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा

बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तमा ७.९९ प्रतिशतले वृद्धि भई रु.१७ खर्ब ७८ अर्ब ३० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १७.६६ प्रतिशतले बढेको थियो ।

कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३०.८२ प्रतिशत रहेको छ । औद्योगिक कर्जामध्ये खानीसम्बन्धी उद्योगमा ०.६७ प्रतिशत, कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योगमा २०.६४ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३५.६७ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा १२.२६ प्रतिशत, विद्युत ग्यास तथा पानीसम्बन्धी उद्योगमा २६.६२ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ४.१४ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**चार्ट ४.३: औद्योगिक कर्जा लगानी स्थिति (रु. करोडमा)**




*स्रोत : सुपरिवेक्षकीय सूचना प्रणाली, नेपाल राष्ट्र बैंक*

बैंक तथा वित्तीय संस्थाहरूबाट भएको लगानीका आधारमा औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु.१२ खर्ब ८४ अर्ब ३० करोड (७२.२२ प्रतिशत) कर्जा लगानी रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु.४ अर्ब ४१ करोड कर्जा (०.२५ प्रतिशत) लगानी रहेको छ (तालिका ४.२) ।

**तालिका ४.२: प्रदेशगत औद्योगिक कर्जा**


| प्रदेश | रकम (रु. दस लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| कोशी प्रदेश | १६४०४६.८५ | ९.२२ |
| मधेस प्रदेश | १२८४७१.७२ | ७.२२ |
| बागमती प्रदेश | १२८४३०७.७९ | ७२.२२ |
| गण्डकी प्रदेश | २८७२०.३० | १.६२ |
| लुम्बिनी प्रदेश | १४०७००.२२ | ७.९१ |
| कर्णाली प्रदेश | ४४१९.८९ | ०.२५ |
| सुदूरपश्चिम प्रदेश | २७६३३.५७ | १.५५ |
| **कुल** | **१७७८३००.३३** | **१००.००** |

*स्रोत : नेपाल राष्ट्र बैंक (एसआईएस)*

औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा कोशी प्रदेशमा ९.२२ प्रतिशत, मधेस प्रदेशमा ७.२२ प्रतिशत, बागमती प्रदेशमा ७२.२२ प्रतिशत, गण्डकी प्रदेशमा १.६२ प्रतिशत, लुम्बिनी प्रदेशमा ७.९१ प्रतिशत,

कर्णाली प्रदेशमा ०.२५ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा १.५५ प्रतिशत रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.४: औद्योगिक कर्जामा प्रदेशगत हिस्सा**




*स्रोत : सुपरिवेक्षकीय सूचना प्रणाली, नेपाल राष्ट्र बैंक*

## ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.४.१. चुनौती

औद्योगिक पूर्वाधार निर्माणलाई तीव्रता दिनु, औद्योगिक उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्नु, कच्चा पदार्थको उचित प्रबन्ध गर्नु, स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु, निर्यातयोग्य वस्तुहरूको विविधीकरण गर्नु जस्ता चुनौतीहरु औद्योगिक क्षेत्रमा विद्यमान रहेका छन् । यसैगरी, पर्याप्त पुँजीको कमी, उच्च उत्पादन लागत, प्रविधिगत पछौटेपन, पूर्ण क्षमता उपयोग, दक्ष जनशक्तिको विकास, जनशक्ति पलायनका साथै पर्यावरणमैत्री उद्योगहरूको व्यवस्थापन र सञ्चालन गर्नु समेत उद्योग क्षेत्रका चुनौतीको रुपमा रहेका छन् ।

**तालिका ४.३: उद्योग क्षेत्रका प्रदेशगत चुनौतीहरू**

| प्रदेश | औद्योगिक क्षेत्रका चुनौती |
|---|---|
| कोशी प्रदेश | • औद्योगिक पुर्वाधारलाई प्रभावकारी रुपमा सञ्चालन गर्नु तथा सञ्चालनमा नरहेका औद्योगिक पार्कलाई सञ्चालनमा ल्याई औद्योगिक उत्पादनमा अभिवृद्धि गर्नु ।<br>• औद्योगिक क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन तथा आपूर्ति सुनिश्चितता गरी औद्योगिक क्षेत्रमा रोजगारी अभिवृद्धि गर्नु ।<br>• उद्योग व्यवसायहरुको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरी निर्यात प्रवर्द्धन मार्फत अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार तथा व्यापार विविधिकरण गर्नु ।<br>• आन्तरिक बजारको माग र निर्यात क्षमताको अभिवृद्धि गरी यस क्षेत्रका उद्योगहरूको उत्पादन क्षमता पूर्ण रूपमा उपयोग गर्ने वातावरण सिर्जना गर्नु । |
| मधेश प्रदेश | • बजार, श्रमशक्ति, यातायात पहुँच तथा कच्चा पदार्थको उपलब्धताका आधारमा औद्योगिक विकासका सम्भावना भएका क्षेत्रहरूलाई योजनाबद्ध रूपमा औद्योगिक करिडोर, औद्योगिक ग्राम, औद्योगिक जोन तथा विशेष आर्थिक केन्द्रका रूपमा विकास गर्नु । |

| प्रदेश | औद्योगिक क्षेत्रका चुनौती |
|---|---|
| | • उद्योगको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी बाह्य उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु ।<br>• उद्योग/व्यवसायको क्रियाकलापहरुलाई स्वच्छ र पारदर्शी बनाई सर्वसाधारणबाट समेत ठूलो मात्रामा पुँजी परिचालन गर्न आवश्यक विश्वासको वातावरण तयार गरी संस्थागत संस्कृतिको विकास गर्नु ।<br>• औद्योगिक उत्पादन लागत न्यूनीकरण गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु । |
| बागमती प्रदेश | • दक्ष जनशक्ति, कच्चा पदार्थ र उत्पादित बस्तुहरुका लागि उपयुक्त बजारको अभाव हुनु ।<br>• उपत्यका तथा आसपासको क्षेत्रको जमिनको उच्च मूल्यले उद्योग स्थापना र सञ्चालन लागत बढ्ने र उत्पादित वस्तुले विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न कठिन हुने हुँदा जमिनको मूल्यमा स्थायित्व ल्याउनु ।<br>• रुस युक्रेन युद्ध तथा पश्चिम एसिया क्षेत्रमा चलिरहेको द्वन्दका कारण पेट्रोलियम पदार्थमा भएको मुल्य वृद्धिले कच्चा पदार्थ लगायत उत्पादित वस्तुहरुको ढुवानी खर्च वृद्धि भई उद्योगको समग्र लागतमा वृद्धि हुनु । |
| गण्डकी प्रदेश | • अधिकांश उद्योगको क्षमता उपयोग न्यून देखिएकोले त्यस्ता उद्योगहरूलाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक श्रमिक/कर्मचारी, सुरक्षा, विद्युत, कच्चा पदार्थको उपलब्धता, स्वदेशी उत्पादनका लागि उचित बजार लगायत अन्य भौतिक पूर्वाधार उपलब्ध गराउनु ।<br>• उद्योगको लागि आवश्यक सीपमूलक तथा दक्ष जनशक्तिको अभाव तथा पुँजी र अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्नु ।<br>• पर्यटन व्यवसाय तथा स्थानीयस्तरमा माग भएका खाद्य पदार्थ प्रदेशभित्रै उत्पादन गरेर स्थानीय अर्थतन्त्रलाई बढावा दिनु ।<br>• औद्योगिक क्षेत्रमा पूर्वाधारको विकास बढाउँदै जानु तथा नयाँ प्रविधिको प्रयोग गरी प्रदेशका उद्योगलाई प्रतिस्पर्धी बनाउनु । |
| लुम्बिनी प्रदेश | • पूर्वाधार निर्माणको सुस्त अवस्था, अधिकांश कच्चा पदार्थ आयात गर्नुपर्ने अवस्था, कमजोर बजार स्थिति, उधारो नउठ्ने आदि समस्याहरुको सम्बोधन गर्नु ।<br>• मध्य-पूर्वमा भएको युद्धका कारण पेट्रोलियम पदार्थ एवम् कच्चा पदार्थको मूल्यमा भएको अत्यधिक वृद्धिका कारण औद्योगिक उत्पादनको लागत मूल्य उच्च हुनु ।<br>• विभिन्न स्थानहरुमा छरिएर रहेका उद्योगहरुलाई औद्योगिक क्षेत्रमा स्थानान्तरण गरी वातावरणीय प्रदुषण व्यवस्थापन गर्नु । |
| कर्णाली प्रदेश | • स्थापना भएका उद्योगहरु पुँजी अभाव तथा बजारीकरणको समस्याका कारण बजारबाट विस्थापित हुँदै जाने क्रम बढेकाले आवश्यक समन्वय तथा सहयोग गरी स्थापित उद्योग कल कारखानाहरुलाई पलायन हुनबाट रोक्नु ।<br>• ठूलो संख्यामा यूवाहरु वैदेशिक रोजगारीमा जाने गरेकोले उद्योगमा आवश्यक प्राविधिक सीपयुक्त जनशक्तिको व्यवस्थापन गर्नु । |

| प्रदेश | औद्योगिक क्षेत्रका चुनौती |
|---|---|
| | • न्यून औद्योगिक पूर्वाधारका आधारमा वैदेशिक लगानी आकर्षण गरी उद्योगको लागि आवश्यक पूँजीको व्यवस्थापन गर्नु ।<br>• उत्पादित वस्तुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु । |
| सुदूरपश्चिम प्रदेश | • उद्योगधन्दा सञ्चालनका लागि आवश्यक पर्ने दक्ष र प्राविधिक जनशक्तिको अभाव, कमजोर औद्योगिक पूर्वाधार, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी, न्यून उत्पादकत्व र निर्यात क्षमता आदि चुनौतीको रुपमा रहेका छन ।<br>• स्वदेशी उद्योगहरुबाट उत्पादित वस्तुहरुको उत्पादन लागतमा न्यूनीकरण र गुणस्तरमा सुधार गरी उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।<br>• स्थानीयस्तरमा उपलब्ध प्राकृतिक स्रोत साधनको सदुपयोग गर्न औद्योगिक क्षेत्रमा निजी तथा वैदेशिक लगानी आकर्षित गर्नु ।<br>• भारतसँगको खुला सीमा नाकाको कारण हुन सक्ने सम्भावित भन्सार छली, अवैध पैठारी जस्ता गतिविधिहरू नियन्त्रण गरी स्थानीय उत्पादन र औद्योगिक गतिविधिहरु प्रवर्द्धन गर्नु । |

### ४.४.२. सम्भावना

जलविद्युत उत्पादनमा भइरहेको विस्तार, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माणमा सरकारको प्राथमिकता, कृषि उपजको उत्पादन, जडिबुटीको उपलब्धता, खानी लगायत खानीजन्य पदार्थको सम्भाव्यता समेत रहेको सन्दर्भमा उद्योग क्षेत्र विकासको प्रचुर सम्भावना रहेको छ । त्यसैगरी, बढ्दो सूचना प्रविधिको प्रयोग र उपयोगसँगै सफ्टवेयर विकास, सूचना प्रविधि सेवा तथा आउटसोर्सिङ उद्योगहरुको विकास गर्ने सम्भावना उच्च रहेको छ । साथै, सरकारी निकायमा स्वदेशमा उत्पादित वस्तुहरू प्रयोग गर्ने व्यवस्था, निजी क्षेत्रसँग सरकारको सहकार्यजस्ता नीतिगत व्यवस्था, सहज बैंकिङ पहुँच, न्यून व्याजदर, बैंक तथा वित्तीय संस्थामा रहेको लगानीयोग्य रकम, बढ्दो सहरीकरण तथा डिजिटल प्रविधिको प्रयोगका कारण औद्योगिक उत्पादनको विस्तार हुने सम्भावना समेत रहेको छ ।

**तालिका ४.४: उद्योग क्षेत्रका प्रदेशगत सम्भावनाहरू**

| प्रदेश | औद्योगिक क्षेत्रका सम्भावना |
|---|---|
| कोशी प्रदेश | • बैंक तथा वित्तीय संस्थाको आधार दर घट्दै गएको र कर्जाको व्याजदर समेत न्यून भएको अवस्थामा औद्योगिक क्षेत्रमा लगानी बढाई उत्पादन वृद्धि गर्न सकिने ।<br>• भारत जस्तो ठूलो बजारमा यस क्षेत्रका औद्योगिक उत्पादन निर्यात गरी देशको व्यापार घाटा कम गर्न सकिने ।<br>• औद्योगिक क्षेत्र तथा औद्योगिक पार्कहरुलाई पूर्णरुपमा सञ्चालन गर्न सके यस क्षेत्रमा रोजगारी अवसर बढाउन सकिने ।<br>• यस क्षेत्रमा उत्पादन हुने चियालाई अन्तर्राष्ट्रिय गुणस्तरको प्रमाणीकरण तथा ब्राण्डिङ गर्न सके चियाको निर्यातमा वृद्धि हुन सक्ने । |
| मधेश प्रदेश | • भारतसँग खुला सीमामा जोडिएको तथा दक्षिण एशियाली व्यापारिक मार्गसँग निकट रहेकोले उद्योग, व्यापार तथा निर्यातको महत्वपूर्ण केन्द्रका रूपमा विकास हुने । |

| प्रदेश | औद्योगिक क्षेत्रका सम्भावना |
|---|---|
| | • प्रदेशमा धान, गहुँ, मकै, उखु, तेलहन, तरकारी, फलफूल तथा दुग्ध उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योगहरू जस्तैः खाद्य प्रशोधन, चिनी उद्योग, दुग्ध उद्योग, तेल उद्योग, चामल उद्योग तथा पशु आहार उद्योग विस्तार गर्ने ।<br>• धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले समृद्ध मधेश प्रदेशमा होटल, हस्तकला, धार्मिक सामग्री, मिथिला कला तथा पर्यटनसँग सम्बन्धित विभिन्न उद्योगहरूको विकास गर्न सकिने ।<br>• मुलुकको सबैभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने । |
| बागमती प्रदेश | • कृषि तथा पशुपालनमा आधारित उद्योगको प्रचुर सम्भावना रहेकोले मासुजन्य उत्पादन, दूधजन्य उत्पादन, खाद्य प्रशोधन, जडिबुट्टी प्रशोधनलगायतका साना तथा मझौला उद्योगहरु स्थापना गर्न सकिने ।<br>• अधिक तरलता तथा न्यून ब्याजदर रहेको अवस्थामा बैंक तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गर्ने वातावरण सिर्जना गरेमा औद्योगिक उत्पादन र रोजगारी बढ्न सक्ने ।<br>• डिजिटल प्रविधिको उच्चतम प्रयोग गरी औद्योगिक उत्पादनको बजार विस्तार गर्न तथा नयाँ उत्पादनको अध्ययन अनुसन्धान गर्न सकिने ।<br>• विदेशबाट फर्किएका नेपालीहरुको सीपअनुसारको व्यवसाय सञ्चालनमा प्रोत्साहित गरी उत्पादन र रोजगारी अभिवृद्धि हुन सक्ने । |
| गण्डकी प्रदेश | • गण्डकी आर्थिक त्रिभुज परियोजना, मेक इन नेपाल र मेड इन नेपाल अभियान लगायत विभिन्न उद्योगहरुको लागि कानुनी सुधार, आवश्यक सडक, विद्युत, प्रसारण लाइन र इन्टरनेट सेवा लगायतका पूर्वाधारको विकासको प्रभावकारी कार्यान्वयन हुने ।<br>• स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैरसरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेशी उत्पादनलाई बढावा दिन सके स्वदेशी उत्पादनमा थप वृद्धि हुने ।<br>• कृषि क्षेत्र तथा स्थानीय स्रोत, साधन र सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्न सकिने ।<br>• बैक तथा वित्तीय संस्थाको उपस्थिति, निक्षेपको अवस्था र न्यून ब्याजदरले उद्योगमा लगानी गरी उत्पादन बढाउन तथा वित्तीय विस्तार गर्न सकिने । |
| लुम्बिनी प्रदेश | • कृषि, पशुपालन, मत्स्यपालन तथा जडीबुटीको लागि यस प्रदेशको भूक्षेत्र उपयुक्त हुनुका साथै सडक सञ्जाल पनि राम्रो भएका कारण कृषिलाई उद्योगसँग जोड्दै खाद्य तथा जडीबुटी प्रशोधन उद्योगहरुको स्थापना गर्न सकिने ।<br>• यस प्रदेशमा पाइने चुनढुङ्गाको गुणस्तर राम्रो भएकाले यस क्षेत्रमा स्थापित सिमेन्ट उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गरी उत्पादित सिमेन्ट तथा क्लिंकर भारतमा समेत निर्यात गर्न सकिने । |

| प्रदेश | औद्योगिक क्षेत्रका सम्भावना |
|---|---|
| | • यस प्रदेशमा रहेको विशेष आर्थिक क्षेत्र (SEZ) तथा अन्य औद्योगिक क्षेत्रहरुको पूर्वाधार विकास गर्न सकेमा थप उद्योगहरु स्थापना हुन सक्ने ।<br>• जेन्जी आन्दोलन पश्चात्को निर्वाचनबाट बनेको स्थिर सरकारले पूर्वाधार विकासलाई प्राथमिकतामा राखेमा यस क्षेत्रका न्यून क्षमतामा सञ्चालन भएका र बन्द भएका उद्योगहरु अधिक उत्पादन क्षमतामा सञ्चालन गर्न सकिने । |
| कर्णाली प्रदेश | • उच्च हिमाली जिल्लाहरुमा बहुमुल्य जडिबुटीहरुको प्रचुर मात्रामा उत्पादन हुने गरेकोले सो को प्रशोधन सम्बन्धी उद्योगहरु सञ्चालन गरी रोजगारी प्रवर्द्धन गर्न सकिने ।<br>• स्याउ, ओखर लगायतका फलफूलका साथै कागती, अदुवा र टिमुरको राम्रो उत्पादन हुने गरेकोले सो सम्बन्धी प्रशोधन उद्योग सञ्चालन गर्न सकिने ।<br>• कुल वन क्षेत्रको करिव २० प्रतिशत ओगटेको यस प्रदेशमा वनजन्य उत्पादन राम्रो हुने गरेकोले वन पैदावर सम्बन्धी उद्योगको सम्भावना रहेको ।<br>• कोहलपुर सुर्खेत १३२ के.भि. प्रशारण लाईन सञ्चालनमा आएको हुँदा मझौला तथा ठूला उद्योग सञ्चालनको लागि आवश्यक विद्युत आपूर्ति राम्रो हुने ।<br>• दैलेखमा पेट्रोलियम पदार्थ र जाजरकोटमा काईनाईटको उत्खनन प्रक्रियामा रहेको र प्रारम्भिक नतिजा सकारात्मक रहेकोले खानीजन्य उद्योगहरु सञ्चालन गर्न सकिने । |
| सुदूरपश्चिम प्रदेश | • कैलाली र कञ्चनपुर जिल्लाको उर्वर भूमीको सदुपयोगमार्फत खाद्यान्न, चिनी, दलहन, तेलहन, दुग्ध पदार्थ र अन्य नगदेबालीजस्ता कृषिमा आधारित उद्योगहरु स्थापना गरी भारतबाट आयात हुने खाद्यान्नलाई नियन्त्रण गर्न सकिने ।<br>• महाकाली, पश्चिम सेती, बुढीगंगा, चमेलिया, सुर्नयाजस्ता उच्च जलप्रवाह भएका नदीहरु रहेकोले निजी, सरकारी र वैदेशिक लगानीमार्फत पर्याप्त विद्युत उत्पादन गरी विद्युत निर्यात गर्न सकिने ।<br>• पहाडी र हिमाली जिल्लाहरुमा पाईने विभिन्न प्रकारका बहुमूल्य जडिबुटीहरु यार्सागुम्बा, पाँचऔले, भोजपत्र, टिमुर, गुच्ची च्याउ, सतुवा, अमला, दालचिनी, भुतकेश, दारुहल्दी लगायतका जडिबुटी संकलन केन्द्रको स्थापना तथा आयुर्वेदिक उत्पादनमा वृद्धि गर्न सकिने । |

### *बक्स २: पेट्रोलियम अन्वेषण परियोजना, दैलेख*



**पेट्रोलियमा अन्वेषण स्थल जलजले, दैलेख ।**

नेपालमा पेट्रोलियम पदार्थको सम्भाव्यता सम्बन्धी प्रारम्भिक अध्ययन विश्व बैंकको सहयोगमा वि.सं. २०३६ मा सम्पन्न भएपछि वि.सं. २०३९ मा पेट्रोलियम अन्वेषण परियोजना स्थापना गरिएको थियो । प्रारम्भिक भूगर्भीय तथा भौगर्भिक अध्ययनले विशेषगरी नेपालको तराई तथा पश्चिमी क्षेत्रमा पेट्रोलियम तथा प्राकृतिक ग्यासको सम्भावना रहेको संकेत गरेपछि व्यवस्थित अन्वेषण कार्य अगाडि बढाइएको हो । परियोजनाको मुख्य उद्देश्य नेपालभित्र सम्भावित लगानी तथा प्राविधिक सहयोग आकर्षित गर्नु तथा दीर्घकालिन ऊर्जा सुरक्षामार्फत आर्थिक विकासलाई टेवा पुऱ्याउनु रहेको छ ।

परियोजनाका मुख्य कार्यहरुमा पेट्रोलियम अन्वेषण, विकास तथा उत्पादन सम्बन्धी गतिविधिको प्रवर्द्धन, अन्तर्राष्ट्रिय कम्पनीहरुलाई प्रतिस्पर्धात्मक प्रक्रियामार्फत सहभागी गराउने, भूगर्भीय तथा भौगर्भिक अध्ययन सञ्चालन गर्ने तथा सम्भावित पेट्रोलियम क्षेत्रहरुमा अन्वेषण कार्यको समन्वय गर्ने रहेको छ । परियोजनालाई प्राविधिक रुपमा सुदृढ बनाउन नेपाल सरकार र जनवादी गणतन्त्र चीनबीच सहकार्य भएको तथा China Geological Survey को सहयोगमा विशेषगरी दैलेख क्षेत्रमा वैज्ञानिक अध्ययन तथा अन्वेषण कार्य सम्पन्न गरिएको छ ।

अन्वेषण कार्यअन्र्तगत भूगर्भीय सर्वेक्षण, पेट्रोलियम भूगर्भीय अध्ययन, भू-रासायनिक परीक्षण, रिमोट सेन्सिङ सर्वेक्षण, Magnetotoluric (MT) सर्वेक्षण, Two-dimensional (2D) seismic सर्वेक्षण तथा परीक्षण ड्रिलिङ कार्यहरु सम्पन्न गरिएको छ । यी अध्ययन तथा परीक्षणहरुबाट विभिन्न क्षेत्रमा हाइड्रोकार्बनको संकेत प्राप्त भएको तथा प्राकृतिक ग्यासयुक्त संरचनाहरु फेला परेकोले नेपालमा व्यावसायिक रुपमा पेट्रोलियम उत्पादनको सम्भावना सकारात्मक देखिएको निष्कर्ष निकालिएको छ ।

वित्तीय पक्षतर्फ चीन सरकारले करिब १३६ मिलियन आरएमबी बराबरको प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराएको उल्लेख गरिएको छ । उक्त सहयोगले फिल्ड अध्ययन, प्राविधिक विश्लेषण, ड्रिलिङ तथा तथ्याङ्क संकलन कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । साथै, आगामी दिनका थप लगानी, आधुनिक प्रविधि तथा अन्तर्राष्ट्रिय सहकार्यमार्फत अन्वेषण कार्यलाई व्यवसायिक उत्पादनतर्फ उन्मुख गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

समग्रमा, नेपालको विशेषगरी पश्चिमी क्षेत्रमा पेट्रोलियम तथा प्राकृतिक सम्भावना उत्साहजनक रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । यद्यपि व्यावसायिक उत्पादन अझै प्रारम्भ नभएतापनि हालसम्मका वैज्ञानिक अध्ययन परीक्षण तथा अन्वेषण गतिविधिबाट प्राप्त नतिजाले भविष्यमा उर्जा सुरक्षामा सुधार, इन्धन आयातमा कमी, रोजगारी सिर्जना तथा दीर्घकालीन आर्थिक तथा औद्योगिक विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।


*स्रोतः खानी तथा भुगर्भ विभाग, पेट्रोलियम अन्वेषण परियोजना ।*

# परिच्छेद ५
# सेवा क्षेत्र

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८२/८३ को साउनदेखि पुससम्ममा ६ लाख ३ हजार १ सय ५० जना पर्यटकको आगमन भएको छ। गत वर्षको सोही अवधिमा ५ लाख ७९ हजार ९ सय ४३ जना पर्यटकको आगमन भएको थियो।

**चार्ट ५.१: पर्यटक आगमन सङ्ख्या (दश हजारमा)**




*स्रोत : नेपाल पर्यटन बोर्ड, २०८२।*

२०८२ साउनदेखि पुस मसान्तसम्ममा अध्ययनमा समेटिएका ७२ होटलहरूको औसत क्षमता उपयोग (अकुपेन्सी रेट) ३५.८३ प्रतिशत रहेको छ। २०८१ साउनदेखि पुस मसान्तसम्ममा यस्तो क्षमता उपयोग औसतमा ४०.२१ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा बागमती प्रदेशका होटलहरूको औसत क्षमता उपयोग सबैभन्दा धेरै ५१.१५ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अकुपेन्सी रेट १५.२३ प्रतिशत रहेको छ।

**तालिका ५.१: होटलहरूको औसत क्षमता उपयोग**

| प्रदेश | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) |
|---|---|---|---|
| कोशी प्रदेश | ५२.१५ | ५१.७९ | ४०.५१ |
| मधेस प्रदेश | ३५.३३ | ३३.६६ | ३५.२३ |
| बागमती प्रदेश | ५०.६० | ५१.३८ | ५१.१५ |
| गण्डकी प्रदेश | ३६.०२ | ३७.६७ | ३१.७२ |
| लुम्बिनी प्रदेश | ३२.२१ | ४०.२४ | ३३.९१ |
| कर्णाली प्रदेश | २६.०४ | २७.४१ | १५.२३ |
| सुदूरपश्चिम प्रदेश | ४५.८६ | ३९.३२ | ४३.०३ |
| **औसत क्षमता उपयोग** | **३९.७५** | **४०.२१** | **३५.८३** |

*स्रोत: नमुना छनोटमा परेका होटलहरु*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेसन सङ्ख्या १०.४ प्रतिशतले घटेर २ लाख ५ हजार ६ सय ८८ मा सीमित भएको छ भने घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ६८.५ प्रतिशतले बढेर रु.१८ अर्ब ९९ करोड ४ लाख पुगेको छ। समीक्षा अवधिमा घर/भवन नक्सा पास सङ्ख्या ७.५ प्रतिशतले घटेर १४ हजार ७ सय ३२ पुगेको छ (अनुसूची तालिका ११ क)।

**तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट**

| प्रदेश | घरजग्गा रजिष्ट्रेसन सङ्ख्या | घर/भवन स्थायी नक्सा पास सङ्ख्या | घरजग्गा रजिष्ट्रेसन राजस्व (रु.दस लाखमा) | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | | | | घरजग्गा रजिष्ट्रेसन | घर/भवन स्थायी नक्सा पास | घरजग्गा रजिष्ट्रेसन राजस्व |
| कोशी प्रदेश | ४०८६५.०० | २८७९.०० | १९७२.८७ | १९.८७ | १९.५४ | १०.३९ |
| मधेस प्रदेश | ४८९१०.०० | ११३८.१३ | २०२१.८७ | २३.७८ | ७.७३ | १०.६४ |
| बागमती प्रदेश | ३९७३३.०० | ५४१७.०० | १०७७३.५१ | १९.३२ | ३६.७७ | ५६.७२ |
| गण्डकी प्रदेश | १२६१३.०० | ११८०.०० | १२८२.२२ | ६.१३ | ८.०१ | ६.७५ |
| लुम्बिनी प्रदेश | ४३१२०.०० | २६९३.०० | २१६६.८५ | २०.९६ | १८.२८ | ११.४१ |
| कर्णाली प्रदेश | ७९७४.०० | ६६५.०० | २७५.६९ | ३.८८ | ४.५१ | १.४५ |
| सुदूरपश्चिम प्रदेश | १२४७३.०० | ७६०.०० | ५०१.५१ | ६.०६ | ५.१६ | २.६४ |
| **कुल** | **२०५६८८.००** | **१४७३२.१३** | **१८९९४.५२** | **१००.००** | **१००.००** | **१००.००** |


*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय।*

प्रदेशगत रूपमा घरजग्गा रजिष्ट्रेसन सङ्ख्या सबैभन्दा बढी मधेस प्रदेशमा २३.७८ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ३.८८ प्रतिशत रहेको छ। यसैगरी, घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व सबैभन्दा धेरै बागमती प्रदेशले ५६.७२ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशले १.४५ प्रतिशत सङ्कलन गरेका छन्। समीक्षा अवधिमा बागमती प्रदेशमा सबैभन्दा बढी ३६.७७ प्रतिशत घर/भवन स्थायी नक्सा पास भएका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम ४.५१ प्रतिशत घर/भवन स्थायी नक्सा पास भएका छन्।

## ५.३ वित्तीय सेवा

२०८२ पुस मसान्तमा वाणिज्य बैंकका ५,०९२, विकास बैंकका १,१२८, वित्त कम्पनीका २९१, लघुवित्त वित्तीय संस्थाका ४,९९२ गरी जम्मा ११,५०३ शाखा सञ्चालनमा रहेका छन्। यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ३,०२९ शाखाहरू तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ४८० शाखाहरू सञ्चालनमा रहेका छन्। वित्तीय सेवासम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १२ मा प्रस्तुत गरिएको छ।


**चार्ट ५.२: बैंक तथा वित्तीय संस्थाका शाखा सङ्ख्या**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

२०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले सङ्कलन गरेको कुल निक्षेप २०८१ पुस मसान्तको तुलनामा १५.३९ प्रतिशतले वृद्धि भई रु.७७ खर्ब ११ अर्ब ३८ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ९.०३ प्रतिशतले वृद्धि भई रु.६६ खर्ब ८२ अर्ब ६२ करोड पुगेको थियो। २०८१ पुस मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०८२ पुस मसान्तमा ६.२४ प्रतिशतले वृद्धि भई रु.५७ खर्ब ७० अर्ब ७५ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जामा १५.९८ प्रतिशतले वृद्धि भई रु.५४ खर्ब ३२ अर्ब १ करोड पुगेको थियो। २०८२ पुस मसान्तमा कुल कर्जा र कुल निक्षेप अनुपात ७६.४१ प्रतिशत रहेकोमा २०८१ पुस मसान्तमा ८१.२९ प्रतिशत रहेको थियो।

**चार्ट ५.३: निक्षेप तथा कर्जा स्थिति (रु.खर्बमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

२०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशको अंश सबैभन्दा धेरै ६५.५२ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.२२ प्रतिशत रहेको छ। त्यसैगरी, बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कुल कर्जाको सबैभन्दा बढी बागमती प्रदेशमा ६०.३३ प्रतिशत प्रवाह भएको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा १.११ प्रतिशत कर्जा प्रवाह भएको छ। निक्षेप तथा कर्जासम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १३ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.३: निक्षेप तथा कर्जा स्थिति**

| प्रदेश | निक्षेप (रु.दस लाखमा) | कर्जा (रु.दस लाखमा) | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|
| | | | निक्षेप | कर्जा |
| कोशी प्रदेश | ५८१,२४२.२० | ६११,६४२.९ | ७.५४ | १०.६० |
| मधेस प्रदेश | ४२७,२७९.१९ | ५००,०७७.८ | ५.५४ | ८.६७ |
| बागमती प्रदेश | ५,०५२,१४१.७० | ३,४८१,३३९.६ | ६५.५२ | ६०.३३ |
| गण्डकी प्रदेश | ६६१,९०५.५४ | ३६२,८१८.१ | ८.५८ | ६.२९ |
| लुम्बिनी प्रदेश | ७१३,५७७.६१ | ५८९,७१५.२ | ९.२५ | १०.२२ |
| कर्णाली प्रदेश | ९३,७३१.५८ | ६४,१५०.५ | १.२२ | १.११ |
| सुदूरपश्चिम प्रदेश | १८१,५०८.०७ | १६१,००८.३ | २.३५ | २.७९ |
| **कुल** | **७,७११,३८५.८९** | **५,७७०,७५२.४०** | **१००.००** | **१००.००** |

*स्रोत: बैंक तथा वित्तीय संस्थाहरू*

## ५.४ सेवा क्षेत्र कर्जा

२०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ पुस मसान्तको तुलनामा ६.२१ प्रतिशतले बढेर रु.३५ खर्ब ७६ अर्ब ८७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १८.१६ प्रतिशतले बढेर रु.३३ खर्ब ६७ अर्ब ५८ करोड पुगेका थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश २०८२ पुस मसान्तमा ६१.९८ प्रतिशत रहेको छ । सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये उपभोग्य कर्जा उपक्षेत्रमा सबैभन्दा बढी ३१.७० प्रतिशत र सबैभन्दा कम स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी उपक्षेत्रमा २.११ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**तालिका ५.४: सेवा क्षेत्रमा प्रवाहित कर्जाको स्थिति (रु.दश लाखमा)**

| विवरण | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | वृद्धिदर | | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|---|---|---|
| | | | | गत अवधि | समीक्षा अवधि | गत अवधि | समीक्षा अवधि |
| थोक तथा खुद्रा बिक्रेता | ९२४७०५.९९ | १०५०१३३.३० | १०३७२७३.१६ | १३.५६ | -१.२२ | ३१.१८ | २९.०० |
| वित्त, बीमा तथा अचल सम्पत्ति | १९४५९८.८५ | २३६३९८.८१ | २५४२५४.६५ | २१.४८ | ७.५५ | ७.०२ | ७.११ |
| पर्यटन | २०३१२०.७३ | २५५६०६.६४ | २६८९७१.७५ | २५.८४ | ५.२३ | ७.५९ | ७.५२ |
| अन्य सेवा | ७४६५८.०५ | २३९५९७.७८ | ८४७२४.४९ | २२०.९३ | -६४.६४ | ७.११ | २.३७ |
| स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी | ६१६६३.५२ | ८४१४७.८३ | ७५५१६.६४ | ३६.४६ | -१०.२६ | २.५० | २.११ |
| शिक्षा | १००३१८.५१ | ७५८६४.५५ | १७०३४४.५४ | -२४.३८ | १२४.५४ | २.२५ | ४.७६ |
| रियल स्टेट | २२२८६९.९६ | १२३४३१.०२ | २५३३७६.८८ | -४४.६२ | १०५.२८ | ३.६७ | ७.०८ |
| उपभोग्य कर्जा | ८३१३०८.२७ | १०१७०७०.५० | ११३३९६९.९५ | २२.३५ | ११.४९ | ३०.२० | ३१.७० |
| अन्य | २३६७१८.१२ | २८५३३४.९८ | २९८४४६.५८ | २०.५४ | ४.६० | ८.४७ | ८.३४ |
| **जम्मा** | **२८४९९६२.००** | **३३६७५८५.४१** | **३५७६८७८.६४** | **१८.१६** | **६.२१** | **१००.००** | **१००.००** |

*स्रोत: बैंक तथा वित्तीय संस्थाहरू*

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जामध्ये सबैभन्दा बढी ५६.३६ प्रतिशत सेवा क्षेत्र कर्जा बागमती प्रदेशमा प्रवाह भएको छ भने सबैभन्दा कम १.५१ प्रतिशत कर्जा कर्णाली प्रदेशमा प्रवाह भएको छ ।

**तालिका ५.५: प्रदेशगत सेवा क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु दस लाखमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| कोशी प्रदेश | ३८५७४०.९८ | १०.७८ |
| मधेस प्रदेश | ३०६२५७.८५ | ८.५६ |
| बागमती प्रदेश | २०१६०९५.८० | ५६.३६ |
| गण्डकी प्रदेश | ३०६८९६.९० | ८.५८ |
| लुम्बिनी प्रदेश | ३९२१९५.१९ | १०.९६ |
| कर्णाली प्रदेश | ५४०२१.५५ | १.५१ |
| सुदूरपश्चिम प्रदेश | ११५६७०.३६ | ३.२३ |
| **कुल** | **३५७६८७८.६३** | **१००.००** |

*स्रोत: बैंक तथा वित्तीय संस्थाहरू*

## ५.५ यातायात

२०८१ पुस मसान्तको तुलनामा २०८२ पुस मसान्तसम्ममा दर्ता भएका कुल सवारी साधनको सङ्ख्या ७.२२ प्रतिशतले वृद्धि भई २ लाख ३१ हजार ४ सय ८ पुगेको छ । अघिल्लो वर्ष यस्तो सङ्ख्या २३.६३ प्रतिशतले वृद्धि भई २ लाख १५ हजार ८ सय ३३ पुगेको थियो । समीक्षा अवधिमा सबैभन्दा बढी मोटरसाइकल दर्ता भएका छन् ।

## ५.६ विपन्न वर्ग कर्जा

२०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित विपन्न वर्ग कर्जामा ५.१६ प्रतिशतले ह्रास आई रु.३ खर्ब २ अर्ब ३१ करोड रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जामा १.०९ प्रतिशतले ह्रास आई रु.३ खर्ब १८ अर्ब ७५ करोड पुगेको थियो ।

समीक्षा अवधिमा कुल विपन्न वर्ग कर्जामा बागमती प्रदेशमा प्रवाहित कर्जाको हिस्सा सबैभन्दा धेरै ५४.१७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको सबभन्दा कम १.५६ प्रतिशत हिस्सा रहेको छ। यसैगरी, कर्णाली प्रदेशमा विपन्न वर्ग कर्जाको वृद्धिदर सबैभन्दा धेरै ७.६५ प्रतिशत रहेको छ भने मधेस प्रदेशमा सबैभन्दा धेरै ७.४५ प्रतिशतले ह्रास आएको छ।

**५.६: प्रदेशगत विपन्न वर्ग कर्जाको स्थिति (रु.दश लाखमा)**

| प्रदेश | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | वृद्धिदर | | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|---|---|---|
| | | | | गत अवधि | समीक्षा अवधि | गत अवधि | समीक्षा अवधि |
| कोशी प्रदेश | ४७८९३.०६ | ४२७९७.८९ | ३९९०५.२० | -१०.६४ | -६.७६ | १३.४३ | १३.२० |
| मधेस प्रदेश | ३३०८२.२१ | २७०९२.६१ | २५०७४.५१ | -१८.११ | -७.४५ | ८.५० | ८.२९ |
| बागमती प्रदेश | १५२३८४.३० | १७३८०९.३३ | १६३७५८.०३ | १४.०६ | -५.७८ | ५४.५३ | ५४.१७ |
| गण्डकी प्रदेश | ३२५५५.०७ | २९७८८.४९ | ३००७४.६७ | -८.५० | ०.९६ | ९.३५ | ९.९५ |
| लुम्बिनी प्रदेश | ४०९६८.०५ | ३२३७७.१९ | ३०६३२.३२ | -२०.९७ | -५.३९ | १०.१६ | १०.१३ |
| कर्णाली प्रदेश | ४३०३.९६ | ४३९४.३७ | ४७३०.५१ | २.१० | ७.६५ | १.३८ | १.५६ |
| सुदुरपश्चिम प्रदेश | ११०८८.३३ | ८४९८.२० | ८१३९.३५ | -२३.३६ | -४.२२ | २.६७ | २.६९ |
| **जम्मा** | **३२२२७४.९८** | **३१८७५८.०८** | **३०२३१४.५९** | **-१.०९** | **-५.१६** | **१००** | **१००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरू*

## ५.७ सहकारी क्षेत्र

२०८२ पुस मसान्तमा छनोटमा परेका ७३ सहकारी संस्थाहरूको कुल पुँजी २०८१ पुस मसान्तको तुलनामा ०.०४ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर ८.९१ प्रतिशत रहेको थियो। २०८२ पुस मसान्तमा उक्त सहकारीहरूको कुल बचत ८.९१ प्रतिशतले र कुल कर्जा १.५५ प्रतिशतले बढेको छ। यसैगरी, उक्त सहकारीहरूको सदस्य सङ्ख्या ३.४९ प्रतिशतले बढेको छ भने कर्मचारीको सङ्ख्या २.६४ प्रतिशतले घटेको छ।

**तालिका ५.७: नमुना छनोटमा परेका बचत तथा ऋण सहकारी संस्थाको विवरण (रु.दश लाखमा)**

| विवरण | आ.व. २०८० पुस मसान्त | आ.व. २०८१ पुस मसान्त | आ.व. २०८२ पुस मसान्त | वार्षिक विन्दुगत वृद्धिदर | |
|---|---|---|---|---|---|
| | | | | २०८१ पुस | २०८२ पुस |
| कुल पुँजी | १६१९८.०४ | १७६४१.१० | १७६३३.१७ | ८.९१ | -०.०४ |
| कुल बचत | ७७३७६.१४ | ८४३३३.१३ | ९१८४५.४४ | ८.९९ | ८.९१ |
| कुल ऋण | ८६२६३.७५ | ७९०६६.५३ | ८०२९५.८९ | -८.३४ | १.५५ |
| सदस्य सङ्ख्या | १०३३४३३ | १०८०००४ | १११७७१६ | ४.५१ | ३.४९ |
| कर्मचारी सङ्ख्या | ३७३६ | ३६७० | ३५७३ | -१.७७ | -२.६४ |
| संस्था सङ्ख्या | ५८ | ५९ | ५७ | १.७२ | -३.३९ |

*स्रोत: अध्ययनमा समेटिएका सहकारी संस्थाहरू ।*

## ५.८ सेवा क्षेत्रका चुनौती र सम्भावना

### ५.९.१ चुनौती

गुणस्तरीय र भरपर्दो यातायात सेवाको विकास गर्नु, पूर्वाधार, शिक्षा, व्यवस्थापनलगायतका क्षेत्रको गुणस्तरमा सुधार ल्याई सार्वजनिक विद्यालय/क्याम्पसलाई निजी सरह प्रतिस्पर्धात्मक बनाउनु चुनौतीपूर्ण रहेको छ। तुलनात्मक रूपमा बढी उत्पादनशील र रोजगारी सिर्जना हुने क्षेत्रमा वित्तीय स्रोत प्रवाह गर्नु, न्यून ब्याजदरका बावजुद अपेक्षित रूपमा कर्जा प्रवाह बढ्न नसक्नु, उत्पादन तथा व्यावसायिक गतिविधि अपेक्षित रूपमा विस्तार नहुँदा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कर्जाको असुलीमा समस्या देखिनु सेवा क्षेत्रका चुनौती रहेका छन्। साथै, आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा वृद्धि गरी बसाई अवधि लम्ब्याउनु, डाक्टर, नर्स, दक्ष जनशक्तिको विदेश पलायनसमेत चुनौतीका रूपमा रहेका छन्।

**तालिका ५.८: सेवा क्षेत्रका प्रदेशगत चुनौतीहरू**

| प्रदेश | सेवा क्षेत्रका चुनौती |
|---|---|
| कोशी प्रदेश | • कम तलब, अधिक कार्यबोझ र वृत्ति विकासको सीमित अवसरका कारण होटल र रेष्टुरेन्ट क्षेत्रका दक्ष कर्मचारीलाई विदेश पलायन हुनबाट रोक्नु।<br>• कोशी क्षेत्रमा रहेका सबै जिल्लामा बैंकको पहुँच पुगेको, विद्युत् र इन्टरनेटको पहुँच समेत विस्तार हुँदै गएकोले डिजिटल बैंकिङ्ग कारोबारमा हुने वृद्धिसँगै हुनसक्ने साइबर ठगी नियन्त्रण गर्नु। |
| मधेस प्रदेश | • मधेश प्रदेशमा रहेका दक्ष जनशक्तिहरु विदेश पलायन हुने प्रवृत्तिमा वृद्धि भएकाले सेवा क्षेत्र सञ्चालनका लागि आवश्यक प्राविधिक तथा अप्राविधिक क्षेत्रका योग्य तथा दक्ष जनशक्तिको व्यवस्थापन गर्नु।<br>• शहरी क्षेत्रमा मात्रै सेवा सुविधाहरु सिमित रुपमा उपलब्ध रहेकोमा ग्रामीण भेगमा पनि आधारभूत सेवाहरु जस्तैः स्वास्थ्य चौकी, विद्यालय, बैंक तथा वित्तीय संस्थाका शाखाहरु तथा प्रशासनिक कार्यालयहरुको पहुँच पुऱ्याउनु।<br>• वित्तीय साक्षरता, पहुँच तथा वित्तीय समावेशिता अभिवृद्धि गरी वित्तीय अपराध र अनौपचारिक कारोवार न्यूनीकरण गर्नु। |
| बागमती प्रदेश | • अन्तरसम्बन्धित निकायहरू समन्वय गरी इन्टरनेट, टि.भी., टेलिफोन लगायतका दूरसञ्चार सेवाका केवल (तार) भूमिगत गर्ने वा एकीकृत रूपमा एउटै तारबाट प्रदान गर्न सकिने व्यवस्था गर्नु।<br>• सूचना प्रविधिको क्षेत्रलाई नियमन गर्न नियमनकारी संस्थाको स्थापना गरी विकृतिमूलक सन्देश र जानकारी प्रवाहलाई नियन्त्रण गर्ने तथा जीवनोपयोगी र प्रविधि एवम् विज्ञानका तथ्य विवरण तथा जानकारी उपलब्ध हुने व्यवस्था मिलाउनु।<br>• उपत्यकाभित्र हुने ट्राफिक जाम न्यूनीकरण गर्न सार्वजनिक यातायातलाई स्वच्छ, सहज र गुणस्तरीय बनाउँदै विभिन्न रुटहरूमा यसको प्रभावकारी व्यवस्थापन तथा विस्तार गर्नु। |
| गण्डकी प्रदेश | • पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्राष्ट्रिय उडानसहित पूर्ण क्षमतामा सञ्चालनमा ल्याउनु। |

| प्रदेश | सेवा क्षेत्रका चुनौती |
| --- | --- |
| | • प्रादेशिक रुपमा पर्यटक आकर्षित गर्न प्यारागलाइडिङ्ग, प्यारासुट, अल्ट्रालाइट, स्काइडाइभिङ, आदिको तालिम व्यवस्थापन, पर्यटक आगमनको तथ्याङ्क थप व्यवस्थित बनाउन, लेक लाग्ने र उच्च हिमाली क्षेत्रमा अचानक मौसममा आउने प्रतिकुलतावाट पर्यटकलाई तत्काल उद्धार गर्नु । |
| लुम्बिनी प्रदेश | • लुम्बिनी प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुमा आवश्यक पर्ने पर्यटकीय पूर्वाधार, सूचना तथा गुणस्तरीय सेवा मार्फत पर्यटकको बसाई अवधि लम्ब्याउनु ।<br>• यस क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थल, क्रिकेट रङ्गशालाहरु तथा सम्मेलन केन्द्रहरु पूर्ण क्षमतामा सञ्चालन गर्नु । |
| कर्णाली प्रदेश | • कर्णाली प्रदेशका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय स्थानहरुमा पर्यटकस्तरीय होटल/लजहरु, यातायात, विद्युत, सञ्चार एवम् अन्य भौतिक पूर्वाधारहरुको भरपर्दो र गुणस्तरीय रुपमा विकास गर्नु ।<br>• प्रदेशभित्रको स्वास्थ्य क्षेत्रमा भरपर्दो र गुणस्तरीय अस्पतालको पूर्वाधार, दक्ष जनशक्ति, आधुनिक प्रविधि तथा उपकरणको व्यवस्थापन गर्नु ।<br>• प्रदेशभित्र विशेषगरी ग्रामिण क्षेत्रमा रहेका बासिन्दाहरुमा बैंकिङ तथा वित्तीय प्रणालीको बारेमा जानकारी गराउने, वित्तीय साक्षरता अभिवृद्धि गर्ने, डिजिटल बैंकिङ र आधुनिक सूचना प्रविधिको बारेमा डिजिटल साक्षरता अभिवृद्धि गरी डिजिटल डिभाइड कम गर्नु । |
| सुदूरपश्चिम प्रदेश | • पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको प्रवर्द्धन तथा विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई अवधि तथा खर्चमा अभिवृद्धि गर्नु ।<br>• यस प्रदेशबाट उच्च शिक्षाको लागि विदेश तथा अन्य प्रदेशमा जाने लहर बढ्दै गएको अवस्थामा विश्वविद्यालय, क्याम्पस र विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै प्रदेशमै आधुनिक प्रविधिमार्फत गुणस्तरीय शिक्षा प्रदान गरी शिक्षाको लागत घटाउनु । |

### ५.९.२ सम्भावना

नयाँ पर्यटकीय गन्तव्यहरू पहिचान हुँदै गएको, विद्युत् उत्पादन वृद्धि हुँदै गएको, होटल तथा लज व्यवसायमा लगानी बढ्दै गएकाले पर्यटन क्षेत्रले गति लिने सम्भावना रहेको छ । भौगोलिक एवम् जैविक विविधता, सांस्कृतिक एवम् प्राकृतिक क्षेत्रहरू, विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरू, साहसिक पर्यटकीय स्थलहरूको प्रचारप्रसार गरी पर्यटकहरूको आवागमन तथा बसाइ अवधि लम्ब्याई विदेशी मुद्रा आयआर्जनको समेत सम्भावना रहेको छ । वित्तीय चेतना, साक्षरता र समावेशीकरणको स्तर अभिवृद्धि हुँदै गएको, सर्वसाधारणको बैंकिङ पहुँच विस्तार हुँदै गएको, सूचना प्रविधि क्षेत्रमा युवाहरूको आकर्षण र पहुँच राम्रो रहेकोले Application Development, ई-लर्निङ, ई-कन्सल्टेन्सी, ई-लाइब्रेरी लगायतका प्रविधिमैत्री सेवाको विस्तार हुने सम्भावना रहेको छ । यसबाहेक प्रदेशगत रुपमा रहेका सम्भावनाहरुलाई तालिका ५.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.९: सेवा क्षेत्रका प्रदेशगत सम्भावनाहरू**

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
|---|---|
| कोशी प्रदेश | • कोशी प्रदेशको पर्यटकीय गन्तव्यहरुको पर्याप्त प्रचार प्रसार, पर्यटन पूर्वाधारको यथोचित विकास र सुविधा सम्पन्न होटल रेष्टुरेन्ट लगायतका पर्यटकलाई आवश्यक सुविधाको व्यवस्था गरी पर्यटकको बसाइ अवधि लम्ब्याउन तथा पर्यटकले गर्ने खर्च बढाउन सकिने । <br> • कोशी प्रदेशमा रहेको प्रमुख राजमार्गहरुको स्तरोन्नती गर्ने कार्य भइरहेको र उत्तर दक्षिण जोड्ने राजमार्गहरुमा सुरङ्ग मार्ग निर्माण भई संचालनमा आएमा यसले यातायातको समय र लागत घटाउने साथै ढुवानी खर्चमा समेत कमी आउन सक्ने । |
| मधेस प्रदेश | • उच्च जनघनत्व रहेकाले स्वास्थ्य, शिक्षा, बैंकिङ, बीमा, सञ्चारजस्ता सेवा क्षेत्रहरूमा लगानी गर्न सकिने । <br> • सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ताजस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटनको विकास गर्न सकिने । |
| बागमती प्रदेश | • सूचना प्रविधि क्षेत्रमा तीव्र गतिमा भइरहेको डिजिटल रूपान्तरणको परिप्रेक्ष्यमा आईटी सेवाहरू निर्यातमार्फत विदेशी मुद्रा आर्जन गर्न सकिने । <br> • बागमती प्रदेशमा शैक्षिक पूर्वाधार सुदृढ रहेको, सूचना प्रविधिमा पहुँच राम्रो भएको तथा शिक्षा क्षेत्रमा निजी क्षेत्रको आकर्षण उच्च रहेकाले काठमाडौं उपत्यका र चितवनलाई देशको शैक्षिक केन्द्रको रूपमा विकास गर्न सकिने । <br> • सस्तो तथा गुणस्तरीय स्वास्थ्य सेवा र हेरचाह उपलब्ध गराउँदै विश्वभरका स्वास्थ्य पर्यटकहरूलाई आकर्षित गरी अन्तर्राष्ट्रिय मेडिकल पर्यटन क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्न सकिने । |
| गण्डकी प्रदेश | • पर्यटक भित्राउन विशेष प्याकेज सञ्चालन गरी होटल तथा रिसोर्टलाई उत्पादनमूलक उद्योग सरह आयकर तथा विद्युत महसुल छुट गर्ने, मुक्तिनाथसम्मको पर्या-पर्यटन पदमार्ग विकास गर्ने जस्ता कार्यक्रम समेटेकोले सोको कार्यान्वयनबाट गण्डकी प्रदेशमा पर्यटनको प्रचुर सम्भावना रहेको । <br> • यस प्रदेशको सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको पहुँच पुग्नुको साथै वित्तीय साक्षरतालाई समेत प्रभावकारी बनाउँदै लगिएकोले धेरैभन्दा धेरै जनसङ्ख्यालाई वित्तीय पहुँचको दायरामा ल्याउन र विद्युतीय कारोवारमा आवद्ध गराउन सकिने । |
| लुम्बिनी प्रदेश | • लुम्बिनी प्रदेश अन्तर्गत रहेका धार्मिक/सांस्कृतिक एवम् पर्यटकीय स्थलहरुको प्रचारप्रसार, नयाँ ट्रेकिङ्ग रुटको पहिचान गरी व्यवस्थित रुपमा सञ्चालन गर्न सकेमा पर्यटकहरुको आगमनमा वृद्धि भई उल्लेख्य रोजगारी सिर्जना हुनसक्ने । <br> • यस प्रदेशमा निर्माण भएका क्रिकेट रङ्गशाला तथा सम्मेलन केन्द्रहरुमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेल तथा सम्मेलनहरु आयोजना गर्न सकिने । |

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
|---|---|
| | • भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन सके भैरहवा, लुम्बिनी, बुटवल, परासीलगायत आसपासका स्थानहरूमा रहेका होटल व्यवसाय तथा अन्य आर्थिक क्षेत्रसमेत चलायमान बनाउन सकिने । |
| कर्णाली प्रदेश | • कर्णाली प्रदेशमा रहेको प्राकृतिक, सांस्कृतिक तथा धार्मिक महत्व बोकेका पर्यटकीय क्षेत्रहरुमा पर्यटकस्तरीय होटल/लजहरुका साथै भरपर्दो र गुणस्तरीय भौतिक पूर्वाधारहरुको निमार्ण गरी पर्यटकहरुको बसाई अवधि र खर्च बढाउनुका साथै स्थानीय रोजगारीको सिर्जना गर्न सकिने ।<br>• घरेलु, साना तथा मझौला उद्योगहरुको विकास भइरहेको हुनाले गरिबी न्यूनीकरण गर्न सकिने ।<br>• प्रदेशभित्रका रणनीतिक महत्व बोकेका प्रादेशिक तथा स्थानीय सडक सुधारहरुको निमार्ण समयमै सम्पन्न हुन सकेमा यस क्षेत्रको स्वास्थ्य, शिक्षा, व्यापार र पर्यटनमा सकारात्मक प्रभाव पर्ने । |
| सुदूरपश्चिम प्रदेश | • कैलालीको गेटा मेडिकल कलेजलाई सहिद दशरथचन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयको प्रारुपमा सञ्चालन गर्ने सरकारको निर्णयसँगै गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार भई रोजगारी सिर्जना हुने ।<br>• सुदूरपश्चिमका सात देवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरी लगायतका धार्मिक क्षेत्रहरूलाई धार्मिक पर्यटन हवको रूपमा प्रवर्द्धन गर्न सकिने ।<br>• प्रदेश सरकार तथा स्थानीय तहबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने । |

# परिच्छेद ६
# पूर्वाधार क्षेत्र

## ६.१ पूर्वाधार स्थिति

पूर्वाधार क्षेत्रअन्तर्गत प्रमुख पूर्वाधारको अवस्था र यससँग सम्बन्धित आयोजनाहरुको प्रगति स्थितिको बारेमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

### सडक

विगत १२ बर्षमा सडक विभाग अन्तर्गत ९ हजार ७५ कि. मि. सडक कालोपत्र, ७ हजार ६ सय ६९ कि. मि. ग्राभेल र ६ हजार १ सय ८० कि. मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भएको छ र १ हजार ६ सय ८७ पुलहरुको निर्माण सम्पन्न भएको छ (तालिका ६.१) ।

**तालिका ६.१: आ.व. २०७०/७१ देखि २०८१/८२ सम्म सडक निर्माणतर्फ भएका उपलब्धि**

| आ. व. | कालोपत्रे (कि.मि.) | ग्राभेल (कि. मि.) | नयाँ ट्रयाक निर्माण (कि. मि.) | आवधिक मर्मत (कि. मि.) | सम्पन्न पुल संख्या |
|---|---|---|---|---|---|
| २०७०/७१ | ५३८ | ६८५ | ११८० | ४२९ | ६० |
| २०७१/७२ | ६०१ | ४०१ | ६४८ | ३५० | ७२ |
| २०७२/७३ | २६४ | ३४५ | ६३९ | – | ६३ |
| २०७३/७४ | ६३० | ९९२ | ८०९ | १९५ | ७२ |
| २०७४/७५ | ९०४ | १३१३ | ९७१ | ३३२ | ८२ |
| २०७५/७६ | ९८८ | १३६३ | ४४० | २३० | २४३ |
| २०७६/७७ | १०८१ | ७५७ | ३६५ | ३६० | २१० |
| २०७७/७८ | ६४० | २३५ | १३७ | २३७ | ६१ |
| २०७८/७९ | ६१८ | ३३५ | २८० | २५० | २८२ |
| २०७९/८० | ८२० | ६२८ | २४३ | ५३८ | २२२ |
| २०८०/८१ | ७५६ | ३२८ | १६७ | ६५१ | २०२ |
| २०८१/८२ | १२३५ | २८७ | ३०१ | ३७० | ११८ |
| कुल | ९०७५ | ७६६९ | ६१८० | ३९४२ | १६८७ |

*स्रोतः सडक विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।*

आर्थिक वर्ष २०८२/८३ मा सडक पूर्वाधारतर्फ राखिएको वार्षिक लक्ष्य र सो लक्ष्यको तुलनामा अर्धवार्षिक रुपमा हासिल भएको उपलब्धि तालिका ६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२ सडकतर्फ आ.व. २०८२/८३ को पुस मसान्तसम्मको विवरण**

| विवरण | आ.व.२०८२/८३ को वार्षिक लक्ष्य | अर्धवार्षिक प्रगति | वार्षिक लक्ष्यको तुलनामा प्रगतिको प्रतिशत |
|---|---|---|---|
| कालोपत्रे स्तरको सडक, कि.मि. (नयाँ) | ९०८.५ | १५९.०१ | १७.५० |
| ग्रावेल स्तरको सडक, कि.मि. | ५४ | ४ | ७.४१ |
| माटे सडक, कि.मि. | ५१.५ | ३२ | ६२.१४ |
| आवधिक मर्मत, कि.मि. | १०० | १५ | १५.०० |
| पुल निर्माण, संख्या | १६२ | ४६ | २८.४० |

स्रोतः *सडक विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।*

राष्ट्रिय गौरवको आयोजना अन्तर्गतका सडक आयोजनाहरुको आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तसम्मको प्रगति विवरण तालिक ६.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३ सडकतर्फ राष्ट्रिय गौरवको आयोजनाहरुको**
**आ.व. २०८२/८३ को पुस मसान्तसम्मको प्रगति विवरण**

| आयोजना | भौतिक प्रगति (प्रतिशत) | वित्तीय प्रगति (प्रतिशत) |
|---|---|---|
| मध्यपहाडी (पुष्पलाल) राजमार्ग | ८२.६९ | ८५.२७ |
| हुलाकी राजमार्ग | ७४.३५ | ७०.२० |
| उत्तर दक्षिण लोकमार्ग (कोशी कोरिडोर) | ४६.०० | ४२.२९ |
| उत्तर दक्षिण लोकमार्ग (कालिगण्डकी कोरिडोर) | ८२.०५ | ७५.६४ |
| उत्तर दक्षिण कर्णाली कोरिडोर | २०.५० | १४.५६ |

स्रोत: *सडक विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।*

## सिँचाइ

बर्दिया जिल्लाको करिव ३६ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुर्‍याउने उद्देश्यका साथ निर्माणाधीन **बबई सिँचाइ आयोजना** आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८२ फागुनसम्मको भौतिक प्रगति ७८.७४ प्रतिशत रहेको छ। साथै, कञ्चनपुर जिल्लाको करिव ३३ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुर्‍याउने उद्देश्यका साथ निर्माणाधिन **महाकाली सिँचाइ आयोजना** आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८२ फागुनसम्मको भौतिक प्रगति २७.९८ प्रतिशत रहेको छ।

करिब ४३ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुर्‍याउने उद्देश्यका साथ २०६१/६२ देखि शुरु गरिएको **सिक्टा सिँचाइ आयोजना**को २०८२ फागुनसम्मको भौतिक प्रगति ४७.५ प्रतिशत रहेको छ। बाँके जिल्लामा अवस्थित यस आयोजनालाई आर्थिक वर्ष २०८९/९० सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ। साथै, कैलाली जिल्लाको करिव ३८ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुर्‍याउने उद्देश्यका साथ निर्माणाधिन **रानी जमरा कुलरिया सिँचाइ आयोजना** आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८२ फागुनसम्मको भौतिक प्रगति ७४.८ प्रतिशत रहेको छ।

बाँके र बर्दिया जिल्लाको करिव ५१ हजार हेक्टर क्षेत्रफलमा बाह्रैमहिना सिँचाइ सेवा दिने तथा ४६.८ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्यका साथ निर्माणाधिन **भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना** आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८२ फागुनसम्मको भौतिक प्रगति ७० प्रतिशत रहेको छ। सिन्धुली, धनुषा, महोत्तरी, सर्लाही, रौतहत र बारा जिल्लाको करिव १ लाख २२ हजार हेक्टर क्षेत्रफलमा बाह्रैमहिना सिँचाइ सेवा दिने तथा ३१.२ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्यका साथ निर्माणाधिन **सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना**को २०८२ फागुनसम्मको भौतिक प्रगति ३७.२ प्रतिशत रहेको छ।

## जलविद्युत तथा प्रसारण लाइन

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत निर्माणधीन बुढीगण्डकी जलविद्युत आयोजना र निर्माण शुरु नभएको पश्चिम सेती जलविद्युत आयोजना गरी दुई जलविद्युत आयोजना रहेका छन्। १ हजार २ सय मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले आर्थिक वर्ष २०६९/७० मा शुरु गरिएको **बुढीगण्डकी जलविद्युत आयोजना**को आर्थिक वर्ष २०८१/८२ सम्मको भौतिक प्रगति १०.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८२/८३ को पुससमान्तसम्म यस आयोजनाको विस्तृत प्रतिवेदन तयार भई वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न भएको छ। साथै, रैकर जग्गाको मुआब्जा र घरगोठ लगायत भौतिक संरचना, फलफुल तथा बोटविरुवाको क्षतिपूर्ति वितरण करिब ९५ प्रतिशत सम्पन्न भएको छ। **पश्चिम सेती जलविद्युत आयोजना**लाई भने लगानी बोर्डमा सिफारिश गरिएको छ।

कुल विद्युत उत्पादन क्षमता ९०० मे.वा. रहेको **अरुण तेस्रो जलविद्युत आयोजना** निर्माण कार्य वि.सं.२०७५ वैशाखबाट प्रारम्भ भई वि.सं.२०८४ पुससम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस आयोजनाको २०८२ पुस मसान्तसम्मको भौतिक र वित्तीय प्रगति क्रमशः ७४ प्रतिशत र ७८ प्रतिशत रहेको छ। वि.सं.२०७६ माघबाट प्रारम्भ भई वि.सं. २०८४ पुसमा सम्पन्न गर्ने लक्ष्य रहेको अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. प्रसारण लाइन निर्माण आयोजनाको क्षमता ४०० के.भी. र लम्बाई २१७ किलोमिटर रहेको छ। संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको वि.सं.२०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ५७ प्रतिशत र ६० प्रतिशत रहेको छ।

कुशाहादेखि विराटनगरसम्म उच्च भोल्टेज प्रसारण लाइन विस्तार गर्ने उद्देश्य सहित आ.व.२०७४/७५ बाट निर्माण प्रारम्भ गरिएको **कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना** आर्थिक वर्ष २०८२/८३ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं. २०८२ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७७.१ प्रतिशत र ७७.५ प्रतिशत रहेको छ ।

तनहुँ जिल्लामा नेपाल विद्युत प्राधिकरणले कुल ५० करोड ५० लाख अमेरिकी डलर लागतमा निर्माण शुरु गरेको १४० मेगावाट क्षमताको जलाशययुक्त **तनहुँ जलविद्युत आयोजना**को २०८२ पुस मसान्तसम्मको भौतिक प्रगति ७३ प्रतिशत र वित्तीय प्रगति ६९ प्रतिशत रहेको छ । हाल आयोजनाको ड्याम निर्माण, हेडरेस टनेलको कार्य, पावर हाउसमा उपकरण जडान सम्बन्धी र प्रशारण लाइनमा टावर निर्माण सम्बन्धी कार्यहरु भइरहेको छ ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

निर्धारित लागत र समय तालिकाभित्र आयोजना सम्पन्न गर्नु, प्राकृतिक प्रकोपबाट पूर्वाधार क्षेत्रमा हुनसक्ने क्षति न्यूनीकरण गर्नु, प्रत्येक परियोजनाका लागि उपयुक्त लगानी मोडालिटी तय गर्नु, सरोकारवाला निकायहरूबीच आपसी समन्वयको अभावमा निर्माण कार्य व्यवस्थित बनाउनु आदि कार्यहरु चुनौतीपूर्ण रहेका छन् । पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती निम्नानुसार छन् ।

**तालिका ६.४: पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौतीहरू**

| प्रदेश | पूर्वाधार क्षेत्रका चुनौती |
|---|---|
| कोशी प्रदेश | • गत असोज महिनामा आएको अविरल वर्षाले गर्दा आएको बाढी पहिरोका कारण यस प्रदेशको इलाम लगायतका जिल्लाका भौतिक पूर्वाधारमा ठूलो क्षति पुगेकाले क्षति भएका स्थानहरूमा समयमै स्थायी संरचना निर्माण गर्नु र प्राकृतिक प्रकोपबाट पूर्वाधार क्षेत्रमा हुनसक्ने क्षति न्यूनीकरण गर्न आवश्यक संरचना निर्माण गर्नु ।<br>• निर्माण व्यवसायीहरुको क्षमता पहिचान गर्नु तथा क्षमता भन्दा बढी ठेक्का लिने प्रवृत्तिमा रोक लगाउनु ।<br>• प्रत्येक परियोजनालाई आर्थिक, सामाजिक तथा वातावरणीय आधारमा प्राथमिकता निर्धारण गर्नु तथा प्रत्येक परियोजनाका लागि उपयुक्त लगानी मोडालिटी तय गर्नु । |
| मधेश प्रदेश | • हुलाकी राजमार्ग, काठमाडौं–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरू विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकाभित्र सम्पन्न गर्नु ।<br>• पूर्वाधार क्षेत्रको विकासमा निजी क्षेत्र, वैदेशिक लगानी तथा सार्वजनिक-निजी साझेदारी आकर्षित गरी मधेश प्रदेशलाई लगानीयोग्य क्षेत्रको रुपमा विकास गरी रोजगारी सिर्जना गर्नु ।<br>• निर्माण सम्पन्न भएका सडक, पुल, बाँध, सिँचाइ तथा सार्वजनिक भवनहरूको नियमित मर्मत-सम्भार गरी तिनको दीर्घायु तथा दिगोपना सुनिश्चित गर्नु । |
| बागमती प्रदेश | • नीति तथा कार्यक्रमसँग तालमेल हुने गरी वार्षिक विकास कार्यक्रम निर्माण गर्नु तथा सीमित वित्तीय स्रोत, उच्च लागत र कठिन भौगोलिक बनावटका बावजुद गुणस्तरीय पूर्वाधार निर्माण गर्नु ।<br>• सार्वजनिक खरिदमा हुने प्रक्रियागत झन्झटलाई सरलीकरण गर्नु, पूर्वाधार निर्माण, उपयोग र संरक्षण तथा सम्वर्द्धनमा निजी क्षेत्र तथा जनस्तरको सहभागिता वृद्धि गरी स्वयम्लाई उत्तरदायी बनाउनु, निर्माण व्यवसायीहरूमा व्यावसायिकता विकास गर्नु तथा ठेक्का लागेका आयोजनाहरू समयमै सम्पन्न गरी लाभ लिनु ।<br>• पूर्वाधार निर्माण तथा विस्तार कार्यमा फितलो अनुगमन प्रणाली, अवैज्ञानिक तवरले खनिएका सडक र ट्याकले निम्त्याउने सवारी दुर्घटना, वातावरणीय जोखिम र मानवीय क्षति न्यूनीकरण गर्नु । |

| प्रदेश | पूर्वाधार क्षेत्रका चुनौती |
|---|---|
| गण्डकी प्रदेश | • सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरूमा विभिन्न सरोकारवाला निकायहरूबीच आपसी समन्वयको अभावमा निर्माण कार्य व्यवस्थित बनाउनु ।<br>• प्राकृतिक प्रकोप (बाढी, पहिरो) तथा भौगोलिक विकटताका कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुँदा अनुमानित लागत भित्रै आयोजना सम्पन्न गर्नु ।<br>• ग्रामीण क्षेत्रवाट सहरी क्षेत्रमा बसाइँसराइ बढ्नु तथा छरिएर रहेको ग्रामीण बस्तीमा आधारभूत पूर्वाधारको व्यवस्था गर्नु । |
| लुम्बिनी प्रदेश | • आयोजनाहरु पूर्व निर्धारित समय एवम् लागतमा गुणस्तर कायम गरी सम्पन्न गर्नु ।<br>• प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको अनुकूलतालाई समेत ध्यानमा राखी भौतिक पूर्वाधारका संरचना निर्माण गर्नु ।<br>• पूर्वाधारहरुको आवश्यकता र आपूर्तिबीच तालमेल कायम गरी व्यवस्थित शहरीकरण, एकीकृत बस्ती विकास तथा स्थानान्तरण गर्नु । |
| कर्णाली प्रदेश | • कर्णाली प्रदेशको मुख्य सडक कर्णाली राजमार्ग तथा अन्य मुख्य दुई महत्वपूर्ण करिडोर भेरी करिडोर र कर्णाली करिडोरको विकास, विस्तार तथा स्तरोन्नतिको कार्यलाई तिव्र बनाई सुरक्षित र भरपर्दो सडक पूर्वाधार निर्माण गर्नु ।<br>• प्रदेश राजधानी सुर्खेतदेखि यस प्रदेशका उच्च हिमाली तथा पहाडी जिल्लाहरुमा नियमित हवाई सेवा सुचारु गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने तथा विमानस्थलहरुको स्तरोन्नतिको कार्यलाई तिव्रता दिनु ।<br>• प्रादेशिक, निजी तथा सरकारी अस्पतालहरु, जिल्ला अस्पताल र विभिन्न स्तरमा स्वास्थ्य चौकीहरु स्थापना गरिएको भएतापनि चिकित्सकको अभाव, मेसिन तथा उपकरणको अभावका कारण खस्केको स्वास्थ्य सेवालाई गुणस्तरीय बनाई प्रदेशमै सेवा उपलब्ध गराउनु । |
| सुदूर पश्चिम प्रदेश | • प्रदेश गौरवका आयोजनाहरु, रणनीतिक महत्वका पूर्वाधार आयोजना र राष्ट्रिय गौरवका आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्न आवश्यक समन्वय तथा स्रोत साधनको व्यवस्थापन गर्नु ।<br>• प्राकृतिक प्रकोप (बाढी, पहिरो) को कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्चमा उल्लेख्य वृद्धि हुने गरेकोले भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु ।<br>• अधिकांश उद्योगहरु भारतीय दक्ष कामदार तथा आयातीत कच्चा पदार्थमा निर्भर रहेकोले स्वदेशी कामदारको दक्षता अभिवृद्धि गरी स्थानीय कच्चा पदार्थको प्रवर्द्धन तथा सुपथ मुल्यमा कच्चा पदार्थ आयात गर्न सकिने व्यवस्था गरी भारतीय कामदारलाई विस्थापित गर्नु । |

### ६.२.२ सम्भावना

सडक विस्तार तथा स्तरोन्नतिको कार्य भईरहेको, विद्युत् प्रशारण लाइन विस्तार हुँदै गएको, राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनाहरु निर्माण भईरहेको, साना तथा ठूला जलविद्युत आयोजना निर्माणको क्रममा रहेको, सुरुङमार्ग निर्माण कार्य अघि बढनुका साथै स्रोत सुनिश्चित भएका आयोजना तथा वातावरणीय प्रभाव मूल्यांकन भएका आयोजनाहरु मात्र अगाडि बढाउने लगायतका निर्णयले पूर्वाधारहरुको निर्माण कार्यले गति लिने र समयमै सम्पन्न हुने सम्भावना बढाएको छ । पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावनाहरु यस प्रकार छन् ।

**तालिका ६.५: पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावनाहरू**

| प्रदेश | पूर्वाधार क्षेत्रका सम्भावना |
|---|---|
| कोशी प्रदेश | • पूर्व पश्चिम राजमार्गको स्तरोन्नति गर्ने कार्य भइरहेकाले यस क्षेत्रमा यातायात आवागमन सहज हुने तथा आर्थिक गतिविधि विस्तार हुने ।<br>• अरुण नदीमा निर्माणाधीन अरुण ३ र माथिल्लो अरुण जस्ता जलविद्युत आयोजना र ४०० के.भी. प्रसारण लाइन निर्माण आयोजनाको निर्माण कार्य सन्तोषजनक रुपमा अघि बढिरहेकाले कोशी प्रदेश देशकै जलविद्युत केन्द्र बन्न सक्ने ।<br>• प्रदेश सरकारको बजेट तथा स्थानीय पालिकाहरूको कार्ययोजनामा पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको हुनाले भौतिक पूर्वाधार निमार्णले गति लिन सक्ने । |
| मधेश प्रदेश | • समतल भू-बनोटले पूर्वाधार निर्माणको लागतमा तुलनात्मक रुपमा न्यून राख्न सहयोग गर्ने भएकाले अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारको निर्माण तथा विकासको सम्भावना उच्च रहेको छ । साथै, कृषिजन्य उद्योगसँग सम्बन्धित पूर्वाधारको विकास तथा सेवाको विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने ।<br>• सूचना प्रविधि, डिजिटल सेवा, स्टार्टअप, अनलाइन व्यवसाय तथा ई-गभर्नेन्सको विस्तारमार्फत नयाँ पुस्तालाई आधुनिक सेवा तथा उद्यमशीलतामा आकर्षित गरी रोजगारी सिर्जना गर्न सकिने ।<br>• जनकपुरधाम लगायतका शहरी क्षेत्रमा रहेका खुला सार्वजनिक जग्गा, गुठी तथा सरकारी स्वामित्वका क्षेत्रहरूको योजनाबद्ध उपयोग गरी खेलकुद, प्रदर्शनी, सम्मेलन तथा मनोरञ्जन पूर्वाधार विकास गर्न सकिने । |
| बागमती प्रदेश | • प्रदेश आयोजना बैंक सञ्चालन गरी पूर्वतयारी सम्पन्न र प्राथमिकता प्राप्त आयोजना मात्र कार्यान्वयन गरे पूर्वाधार निर्माणले गति लिन सक्ने ।<br>• आयोजना र आयोजना स्थलको छनोट, स्रोत साधनको आवश्यकता, जग्गा अधिग्रहण र मुआव्जा वितरण कार्य गर्ने विषय विज्ञ, सम्बन्धित मन्त्रालयका प्राविधिक पदाधिकारी, स्थानीय जनप्रतिनिधि र आयोजना प्रभावित समूह समेतको सहभागिता रहने गरी संयन्त्र खडा गरेमा र स्थानीय स्तरबाट हुने अवरोधलाई रोक्न सकेमा पूर्वाधार निर्माण कार्यलाई तीव्र गति दिन सकिने ।<br>• प्रदेशभित्रका सहरी तथा सहरोन्मुख क्षेत्रमा फुटपाथ निर्माण, पार्क, फ्लाई ओभर, साइकल लेनलगायतका पूर्वाधार निर्माणबाट आधुनिक एवम् व्यवस्थित सहर निर्माण गर्न सकिने । |
| गण्डकी प्रदेश | • गण्डकी प्रदेशमा हाल १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजनासहित ३००० मेगावाटभन्दा धेरै क्षमताका आयोजना निर्माणाधीन अवस्थामा रहेको परिप्रेक्ष्यमा अन्तरदेशीय प्रसारण लाइनको निर्माण गरी नेपालबाट भारत र बंगलादेशमा विद्युत निर्यात गर्न सकिने ।<br>• मुस्ताङ जिल्लामा सौर्य तथा वायु ऊर्जाको प्रचुर सम्भावना भएकोले सोको विस्तृत अध्ययन गरी सौर्य तथा वायु ऊर्जा उत्पादन गर्न सकिने ।<br>• पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई ४ लेनमा स्तरोन्नति गर्ने कार्य सम्पन्न हुने चरणमा रहेकोले उक्त कार्य सम्पन्न भएपछि यस क्षेत्रको पर्यटनलगायत समग्र विकासमा थप सहयोग पुग्ने । |
| लुम्बिनी प्रदेश | • गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन भएपछि, निर्माणाधीन सिद्धबाबा सुरुङमार्ग सम्पन्न भएपछि तथा नेपालकै मुख्य सडक महेन्द्र राजमार्गको स्तरोन्नति भएपछि यस प्रदेशमा सेवा क्षेत्रको थप विस्तार हुने ।<br>• भैरहवाको विशेष आर्थिक क्षेत्र (SEZ), बुटवल औद्योगिक क्षेत्र र नेपालगञ्ज औद्योगिक क्षेत्रहरुमा ठूला उद्योग व्यवसायहरु सञ्चालन गर्न सकिने । |
| कर्णाली प्रदेश | • यस प्रदेशमा कर्णाली र भेरी लगायतका साना/ठूला धेरै नदीहरु भएकोले यस्ता नदीहरुको उपयोग गरी विद्युत उत्पादन गर्न तथा त्यसलाई प्रसारण र वितरण गर्न सकिने । |

| प्रदेश | पूर्वाधार क्षेत्रका सम्भावना |
|---|---|
| | • यस प्रदेशमा इन्टरनेट, मोबाइल नेटवर्क र डिजिटल सेवा अझै पनि सिमित रहेकोले डिजिटल कनेक्टिभिटी विस्तार गरी शिक्षा, स्वास्थ्य तथा व्यापारको क्षेत्रमा सुधार ल्याउन सकिने ।<br>• सिँचाई, भण्डारण र कोल्डस्टोरेजको व्यवस्थापन राम्रो बनाउन सकेको खण्डमा कृषि उत्पादन तथा बजार विस्तार गर्न सकिने । |
| सुदूरपश्चिम प्रदेश | • राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज हुने ।<br>• वैदेशिक रोजगारीमा रहेका तथा विदेशबाट फर्केका कामदारहरुले सिकेको सीप तथा प्राप्त पुँजीलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न आकर्षित गराउन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न सकेमा प्रदेश भित्रै पर्याप्त रोजगारी सिर्जना गरी प्रतिभा पलायन (brain drain) कम गर्न सकिने ।<br>• कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यावसायिकरण गर्दै कृषि पेशालाई सम्मानित, मर्यादित र प्रतिष्ठित बनाई कृषि क्षेत्रमा युवालाई आकर्षित गर्न आवश्यक स्रोत साधनको सहज व्यवस्थापन, तालिम तथा सीप विकास गरी थप रोजगारीका अवसरहरू सिर्जना गर्नुका साथै, कृषि उत्पादन बढाई आत्मनिर्भरता बढाउन सकिने । |

# परिच्छेद ७

# बाह्य क्षेत्र र रोजगारी

## ७.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा कुल वस्तु निर्यात ४३.७६ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४२ अर्ब २ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ३१.७८ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारततर्फ हुने निर्यात ५७.०२ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा ६६.६६ प्रतिशतले कमी आएको छ। त्यसैगरी, अन्य मुलुकतर्फको निर्यात १०.७० प्रतिशतले वृद्धि भएको छ।

समीक्षा अवधिमा कुल वस्तु आयात १४.१८ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ३९ अर्ब २ करोड पुगेको छ (तालिका ७.१)। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ७.०६ प्रतिशतले वृद्धि भएको थियो। वस्तु आयात गरिने आधारमा भारत, चीन र अन्य मुलकबाट भएको आयात क्रमश: ५.८९ प्रतिशत, २२.०९ प्रतिशत र ३२.४५ प्रतिशतले वृद्धि भएको छ।

**तालिका ७.१: आर्थिक वर्ष २०८२/८३ को प्रथम छ महिनाको नेपालको आयात निर्यात स्थिति**

| निर्यात | | | आयात | | |
|---|---|---|---|---|---|
| **देश** | **रु. अर्बमा** | **प्रतिशत** | **देश** | **रु. अर्बमा** | **प्रतिशत** |
| भारत | ११५.७४ | ८१.५० | भारत | ५३२.४६ | ५६.७० |
| अमेरिका | ९.७६ | ६.८७ | चीन | १९६.०१ | २०.८७ |
| जर्मनी | २.४९ | १.७६ | अर्जेन्टिना | ५४.४४ | ५.८० |
| बेलायत | १.५९ | १.१२ | युएई | ३१.९५ | ३.४० |
| जापान | १.१२ | ०.७९ | अमेरिका | १३.४५ | १.४३ |
| फ्रान्स | १.१० | ०.७७ | इन्डोनेसिया | ९.९९ | १.०६ |
| युएई | १.०७ | ०.७५ | थाइल्याण्ड | ९.१३ | ०.९७ |
| अस्ट्रेलिया | १.०० | ०.७० | अस्ट्रेलिया | ६.१५ | ०.६६ |
| चीन | ०.६४ | ०.४५ | मलेसिया | ६.०६ | ०.६५ |
| अन्य | ७.४९ | ५.२९ | अन्य | ७९.३९ | ८.४६ |
| **कुल** | **१४२.०२** | **१००.००** | **कुल** | **९३९.०२** | **१००.००** |

*स्रोत: भन्सार विभाग, २०८२।*

आर्थिक वर्ष २०८२/८३ को प्रथम छ महिनासम्म कुल वस्तु व्यापार घाटा १०.१५ प्रतिशतले बढेर रु.७ खर्ब ९७ अर्ब कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ४.३८ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात १५.१२ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १२.०१ प्रतिशत रहेको थियो।

भन्सार विन्दुको आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०८२/८३ को प्रथम छ महिनासम्म मधेस प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा बढी वस्तु आयात भएको छ भने गण्डकी प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा कम वस्तु आयात भएको छ। यसैगरी, कोशी प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा बढी वस्तु निर्यात भएको छ भने गण्डकी प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा कम वस्तु निर्यात भएको छ (तालिका ७.२)।

**तालिका ७.२: आर्थिक वर्ष २०८२/८३ को प्रथम छ महिनाको भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति**

| प्रदेश | प्रमुख भन्सार विन्दुहरू | आयात (रु. अर्बमा) | निर्यात (रु. अर्बमा) |
|---|---|---|---|
| कोशी प्रदेश | भद्रपुर, विराटनगर, मेची, सुनसरी, पशुपतिनगर | १३९.२४ | ५५.२२ |
| मधेस प्रदेश | वीरगञ्ज, सुख्खा बन्दरगाह, गौर, जलेश्वर, जनकपुर, राजविराज, सर्लाही, सिराहा, ठाँडी | ४४६.१४ | ५०.११ |
| बागमती प्रदेश | रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल, चोभार | १३२.६३ | १८.६० |
| गण्डकी प्रदेश | पोखरा, त्रिवेणी | ११.६९ | ०.२० |
| लुम्बिनी प्रदेश | भैरहवा, कृष्णनगर, नेपालगञ्ज, महेशपुर, सुठौली, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | १९६.०२ | १७.३१ |
| सुदूर पश्चिम प्रदेश | कैलाली, कञ्चनपुर, सत्ती | १३.३० | ०.५७ |
| जम्मा | | ९३९.०२ | १४२.०२ |

*स्रोत : भन्सार विभाग, २०८२*

आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनासम्ममा आयात गरिएका मुख्य वस्तुहरूमा पेट्रोलियम पदार्थ, भटमासको कच्चा तेल, सवारी साधन तथा पाटपुर्जा, मेसिनरी उपकरण तथा पाटपुर्जा, रासायनिक मल, सञ्चार उपकरण, स्पन्ज आइरन, औषधी, धान/चामल, तयारी पोसाक, सुन, कपडा, विद्युतीय उपकरण, चाँदी, विद्युतीय सामान, धागो, कोइला, तरकारी, केमिकल, खाने तेल, आदि रहेका छन् । समीक्षा अवधिमा निर्यात गरिएका मुख्य वस्तुहरूमा भटमासको तेल, अलैंची, पोलिस्टर धागो, जुटका सामान, ऊनी गलैंचा, जुस, पाम तेल, तयारी पोसाक, चिया, पार्टिकल बोर्ड, पश्मिना, चाउचाउ, पिना, कपडा, जुत्ता/चप्पल, आयुर्वेदिक औषधी, रोजिन, जडीबुटी, जस्ता पाता, अदुवा आदि रहेका छन् ।

देशको समग्र निर्यातमा चिया, अलैंची, अदुवा, जडीबुटी, पश्मिना, धागो, तयारी पोसाक, छाला, जुत्ता, गलैंचा, जुस, दाल, सुन-चाँदीका गहना, चाउचाउ, तयारी पोसाक, मह, कफी तथा जलविद्युत् जस्ता तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका वस्तुहरू रहेका छन् । पछिल्लो समयमा पर्यटन क्षेत्र र सूचना प्रविधि क्षेत्रका दक्ष तथा अर्धदक्ष जनशक्तिहरू पनि प्रतिस्पर्धात्मक लाभका क्षेत्र रहेका छन् । प्रदेशगत आधारमा निर्यात सम्भावना भएका वस्तुहरूलाई तालिका ७.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.३: प्रदेशगत आधारमा निर्यात सम्भावना भएका वस्तुहरू**

| प्रदेश | वस्तु |
|---|---|
| कोशी प्रदेश | अलैंची, चिया, अदुवा, रुद्राक्ष, धागो । |
| मधेस प्रदेश | माछा, आँप, छाला । |
| बागमती प्रदेश | ऊनी गलैंचा, पश्मिना शल, तयारी पोसाक, जुत्ता, हस्तकला । |
| गण्डकी प्रदेश | मकै, गहुँ, चामल, कोदो, फापर, जौ, अदुवा, कफी, अलैंची, सुन्तला, स्याउ, जडीबुटी, जलविद्युत्, ऊन । |
| लुम्बिनी प्रदेश | रोजिन र रोजिन एसिड, पोलिष्टर यार्न, कफी, अदुवा । |
| कर्णाली प्रदेश | मकै, गहुँ, आलु, स्याउ, ऊन, अदुवा, जडिबुटी । |
| सुदूर पश्चिम प्रदेश | तरकारी, जैतुनको तेल, जडीबुटी, टर्पेन्टाइन तेल, रोजिन र रोजिन तेल, फलफूल, दुग्धजन्य पदार्थ, जलविद्युत् । |

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७५*

## ७.२ रोजगारी

### प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०८२/८३ को साउनदेखि पुस मसान्तसम्ममा रोजगारीमा संलग्न व्यक्ति ४ हजार २९ जना रहेका छन्। जम्मा रोजगारी दिन २ लाख ७९ हजार १ सय ४९ रहेको छ। आयोजना संख्या ४ हजार ३ सय ३७ रहेको छ (तालिका ७.४)।

**तालिका ७.४: २०८२ पुस मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण**

| प्रदेश | रोजगारीमा संलग्न व्यक्ति | जम्मा रोजगारी दिन | आयोजना सङ्ख्या |
|---|---|---|---|
| कोशी प्रदेश | ११४५ | ८५०८५.६ | ७७४ |
| मधेस प्रदेश | २८४ | ४०८१ | ३६७ |
| बागमती प्रदेश | ११०५ | ७८००७.८ | ७०२ |
| गण्डकी प्रदेश | ४५८ | २९६७८.५ | ६५९ |
| लुम्बिनी प्रदेश | ३७१ | २३९१७.६ | ७४९ |
| कर्णाली प्रदेश | २५८ | २५७८३.९ | ४९२ |
| सुदूरपश्चिम प्रदेश | ४०८ | ३२५९३.७ | ५९४ |
| **जम्मा** | **४०२९** | **२७९१४८.७** | **४३३७** |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम, २०८२।*

### वैदेशिक रोजगारी

वैदेशिक रोजगार विभागबाट आर्थिक वर्ष २०८२/८३ को प्रथम छ महिनामा कुल (पुन: श्रम स्वीकृतिसमेत) ३ लाख ९६ हजार ८६ श्रम स्वीकृतिमध्ये मधेस प्रदेशको सबैभन्दा बढी ८७ हजार २ सय २० (२२.०१ प्रतिशत) र कर्णाली प्रदेशको सबैभन्दा कम १० हजार ४५ (२.५ प्रतिशत) रहेका छन्। जिल्लागत रूपमा धनुषा जिल्लामा सबैभन्दा बढी १९ हजार २ सय ६७ श्रम स्वीकृति जारी गरिएको छ।

**तालिका ७.५: आर्थिक वर्ष २०८२/८३ को पहिलो छ महिनामा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण**

| प्रदेश | संस्थागत श्रम स्वीकृति | व्यक्तिगत-नयाँ | व्यक्तिगत-पुन:श्रम स्वीकृति | जी टु जी | कुल (पुन: श्रम स्वीकृति समेत) | कुल (पुन: श्रम स्वीकृति बाहेक) |
|---|---|---|---|---|---|---|
| कोशी | २८,६६८ | १२,८९६ | ४१,५८६ | १,५१४ | ८२,८३२ | ४३,२२९ |
| मधेस | ३७,२०६ | ६,६५८ | ४३,५२३ | ११२ | ८७,२२० | ४३,९९७ |
| बागमती | २०,६४७ | १४,८८१ | ३०,३९५ | ९६७ | ६७,१५९ | ३६,४६८ |
| गण्डकी | १२,३४६ | ११,५५५ | ३०,८२९ | ७०२ | ५५,६२२ | २४,८४२ |
| लुम्बिनी | २४,४८७ | १२,७३१ | ३७,३३९ | ८२१ | ७४,६१० | ३७,८८७ |
| कर्णाली | ४,८०० | १,६६० | ३,००२ | २२७ | १०,०४५ | ६,८६५ |
| सुदूरपश्चिम | ८,३५० | ३,७७२ | ६,०४३ | ४९७ | १८,६०८ | १२,६४३ |
| **कुल** | **१,३६,५०४** | **६४,१५३** | **१,९२,७१७** | **४,८४०** | **३,३६,०९६** | **२,०५,९३१** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८२*

वैदेशिक रोजगार विभागबाट प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०८२/८३ को प्रथम छ महिनामा प्रमुख गन्तव्यको रूपमा यु.ए.ई (२५.११ प्रतिशत) रहेको छ भने दोस्रो, तेस्रो, चौथौं र पाँचौ प्रमुख गन्तव्यहरू क्रमश: साउदी अरब (१८.१८ प्रतिशत), कतार (१८.१८ प्रतिशत), मलेसिया (११.६१) र कुवेत (६.६५ प्रतिशत) रहेका छन् (तालिका ७.६)।

**तालिका ७.६: वैदेशिक रोजगारीको लागि प्रमुख गन्तव्यको विवरण**

| देश | २०८१ साउन-पुस | २०८१ पुससम्मको देशगत हिस्सा (प्रतिशतमा) | २०८२ साउन-पुस | २०८२ पुससम्मको देशगत हिस्सा (प्रतिशतमा) |
|---|---|---|---|---|
| यु.ए.ई. | १२२,८२९ | ३१.२५ | ९९८०० | २५.११ |
| मलेसिया | १४,५७२ | ३.७१ | ४६१४३ | ११.६१ |
| साउदी अरब | ७८,४६८ | १९.९६ | ७२२६७ | १८.१८ |
| कतार | ७१,१७६ | १८.११ | ७२२४७ | १८.१८ |
| कुवेत | ३०,३४३ | ७.७२ | २६४४० | ६.६५ |
| दक्षिण कोरिया* | ५,९६६ | १.५२ | ५००४ | १.२६ |
| जापान | १०,५०३ | २.६७ | १२०९३ | ३.०४ |
| माल्टा | १,८७७ | ०.४८ | २९१३ | ०.७३ |
| रोमानिया | १३,७९५ | ३.५१ | १३८११ | ३.४७ |
| माल्दीभ्स | ५,२३६ | १.३३ | ४१७७ | १.०५ |
| साइप्रस | ३,५९१ | ०.९१ | ४४७८ | १.१३ |
| बहराइन | ५,८०५ | १.४८ | ५३५० | १.३५ |
| ओमन | ३,८३० | ०.९७ | ६४१२ | १.६१ |
| पोल्याण्ड | ४५१ | ०.११ | १२३४ | ०.३१ |
| अन्य | २४,६२५ | ६.२६ | २५०९१ | ६.३१ |
| **कुल** | **३९३,०६७** | **१००.००** | **३९७४६०** | **१००.००** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८२*
**G2G समेत*

## ७.३ बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती र सम्भावना

### ७.३.१ चुनौती

१. स्वदेशभित्रको उत्पादन क्षमता विस्तार गरी आयातित वस्तुको प्रयोगलाई क्रमशः प्रतिस्थापन गर्दै निरन्तर बढ्दो व्यापार घाटालाई नियन्त्रणमा ल्याउनु ।

२. पिउने पानी, आयुर्वेदिक औषधि, हस्तकलाका सामग्री, अर्गानिक तरकारी तथा खानीजन्य उत्पादनहरूको निर्यात वृद्धि गर्न आवश्यक भौतिक संरचना र पूर्वाधारको विकास तथा विस्तार गर्नु ।

३. कृषिजन्य वस्तुको निर्यातलाई प्रतिस्पर्धी बनाउन प्रयोगशाला, क्वारेन्टाइन सेवा, गुणस्तर प्रमाणीकरण र अर्गानिक प्रमाणिकरणजस्ता आवश्यक पूर्वाधार सुदृढ गर्नुका साथै आयात हुने तरकारी, फलफूल, मासु तथा दुग्धजन्य वस्तुको गुणस्तर परीक्षणलाई प्रभावकारी बनाउनु ।

४. वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिकहरूको अधिकार, सुरक्षा तथा हितको संरक्षण गर्दै रोजगार प्रक्रियालाई थप व्यवस्थित, सुरक्षित र मर्यादित बनाउन विदेशस्थित नेपाली कुटनीतिक नियोगहरूको सक्रियता बढाउनु ।

५. म्यानपावर कम्पनीहरूको कार्यसम्पादनमाथि नियमित निगरानी राखी वैदेशिक रोजगारसँग सम्बन्धित ठगी तथा अनियमितता न्यूनीकरण गर्नुका साथै विदेश जाने श्रमिकहरूको सीप, ज्ञान र दक्षता अभिवृद्धि गर्नु ।

६. उद्योग तथा व्यवसायका लागि आवश्यक जनशक्ति स्वदेशमै उत्पादन गर्न श्रमिकहरूको क्षमता विकास गरी विदेशी, विशेषगरी भारतीय श्रमिकमाथिको निर्भरता घटाउनु ।

७. निजी क्षेत्रका संस्थाहरूमा कार्यरत श्रमिकलाई श्रम ऐनले तोकेको न्यूनतम पारिश्रमिक सुनिश्चित गर्दै त्यसलाई समयानुकूल परिमार्जन र अद्यावधिक गर्नु ।

८. वैदेशिक व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा मापदण्डअनुसार आवश्यक कानुनी र संस्थागत व्यवस्था सुदृढ गर्नुका साथै भारतसँगको खुला सीमालाई व्यवस्थित गरी औपचारिक व्यापार प्रवर्द्धन गर्नु ।

### ७.३.२ सम्भावना

१. भन्सार प्रशासनमा स्वचालित प्रणालीको विस्तार, विद्युत्तीय भुक्तानी सेवाको सुरुवात तथा भन्सार जाँचपास प्रक्रियामा एकद्वार प्रणालीको क्रमिक विकासका साथै प्राथमिकताप्राप्त उद्योगलाई नगद अनुदानमार्फत निर्यात प्रोत्साहन गरिएकाले अन्तर्राष्ट्रिय व्यापार विस्तार हुन सक्ने ।

२. वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण औपचारिक माध्यममार्फत भित्र्याउने प्रवृत्ति बढ्दै गएको, विप्रेषण खातामा थप ब्याज सुविधा प्रदान गरिएको तथा गैरआवासीय नेपालीलाई स्वदेशी बैंकमा सहज रूपमा खाता खोल्ने व्यवस्था गरिएकाले विप्रेषण आप्रवाह थप वृद्धि हुने ।

३. निर्माणाधीन जलाशययुक्त जलविद्युत् आयोजनाहरू निर्धारित समयभित्र सम्पन्न भएमा हिउँद याममा विद्युत् आयातमा निर्भरता घट्दै जाने र विद्युत् निर्यातमार्फत थप आम्दानी प्राप्त गर्ने ।

४. कृषि बीमा दाबी प्रक्रियालाई सरल र प्रभावकारी बनाउनुका साथै कृषि उत्पादनको बजार सुनिश्चित गर्न प्रदेश तथा स्थानीय तहले सक्रिय भुमिका निर्वाह गर्न सके वैदेशिक रोजगारीबाट फर्किएका तथा बेरोजगार युवालाई उत्पादनशील क्षेत्रमा आकर्षित गर्न सकिने ।

५. विकास तथा निर्माण आयोजनाहरूमा विनियोजित पुँजीगत बजेट समयमै खर्च गर्न सके पूर्वाधार विकासले गति लिने र त्यसबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा थप रोजगारी सिर्जना हुने ।

६. संघीय तथा प्रादेशिक सरकारद्वारा आयोजित लगानी सम्मेलनहरूले लगानीकर्ताको विश्वास अभिवृद्धि गर्न सहयोग पुऱ्याएको सन्दर्भमा लगानी वातावरण थप सुधार गर्न सके स्वदेशी तथा विदेशी लगानी वृद्धि भई आर्थिक गतिविधि र रोजगारी विस्तार हुने ।

# परिच्छेद ८
# सङ्घीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

## ८.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन

आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारले कुल रु.१९ खर्ब ६४ अर्ब बजेट विनियोजन गरेकोमा २०८२ पुस मसान्तसम्ममा रु.६ खर्ब ९० अर्ब खर्च भएको छ। उक्त रकम कुल विनियोजन रकमको ३५.१४ प्रतिशत हो । नेपाल सरकारले बजेटको अर्धवार्षिक समीक्षामा वार्षिक बजेटलाई संशोधन गरी कुल रु.१६ खर्ब ८८ अर्ब कायम गरेको थियो ।

**तालिका ८.१ : आर्थिक वर्ष २०८२/८३ को संघीय बजेटको अर्ध-वार्षिक प्रगति विवरण**

| शिर्षक | २०८२/८३ को बजेट रकम (रु.अर्बमा) | पुससम्मको यथार्थ खर्च (रु.अर्बमा) | २०८२/८३ को संशोधित अनुमान (रु.अर्बमा) | पुससम्मको यथार्थ खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| चालु खर्च | ११८०.९८ | ४८७.१४ | ११२५.९८ | ४१.२५ |
| पुँजीगत खर्च | ४०७.८९ | ४९.४३ | २४३.३० | १२.१२ |
| वित्तीय व्यवस्था | ३७५.२४ | १५३.६५ | ३१९.०४ | ४०.९५ |
| **कुल** | **१९६४.११** | **६९०.२२** | **१६८८.३२** | **३५.१४** |

*स्रोत : अर्थ मन्त्रालय ।*

आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारले कुल रु.१४ खर्ब ८० अर्ब राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा २०८२ पुस मसान्तसम्ममा रु.५ खर्ब ८१ अर्ब राजस्व सङ्कलन भएको छ। उक्त रकम विनियोजित रकमको ३९.२६ प्रतिशत हो । नेपाल सरकारले बजेटको अर्धवार्षिक समीक्षामा वार्षिक राजस्व सङ्कलन लक्ष्यलाई संशोधन गरी कुल रु.१२ खर्ब ९८ अर्ब कायम गरेको थियो ।

**तालिका ८.२ : आर्थिक वर्ष २०८२/८३ को राजस्व संकलनको अर्ध-वार्षिक प्रगति विवरण** (रु.अर्बमा)

| शिर्षक | २०८२/८३ को पुससम्मको प्राप्तिको अनुमान | २०८२/८३ को पुससम्मको सङ्कलन | पुससम्मको यथार्थ राजस्व (प्रतिशत) |
|---|---|---|---|
| कर | ६३०.९५ | ५१६.११ | ८१.८० |
| अन्य राजस्व | ८०.२६ | ६१.२८ | ७६.३६ |
| विविध प्राप्ति | – | ४.०१ | – |
| **कुल** | **७११.२१** | **५८१.४१** | **८१.७५** |

*स्रोत : अर्थ मन्त्रालय ।*

आर्थिक बर्ष २०८२/८३ कुल प्रादेशिक बजेट रु.२ खर्ब ८७ अर्ब विनियोजन भएकोमा समीक्षा अवधिमा १४.१६ प्रतिशत अर्थात् रु.४० अर्ब ७३ करोड खर्च भएको छ। जसमध्ये चालु खर्च २१.४३ प्रतिशत र पुँजीगत खर्च ९.३३ प्रतिशत भएको छ। यसरी संघीय सरकारका अतिरिक्त प्रदेश सरकारहरुको पुँजीगत बजेट खर्च गर्ने क्षमता पनि कमजोर रहेको छ ।

**तालिका ८.३ : आर्थिक वर्ष २०८२/८३ को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगति विवरण**


| प्रदेश | बजेट रकम (रु.अर्बमा) | | | | खर्च रकम (रु.अर्बमा) | | | खर्च (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| कोशी | ३५.८८ | १८.६७ | १७.११ | ०.१ | ६.०४ | ४.३४ | १.७० | १६.८४ | २३.२३ | ९.९६ |
| मधेश | ४६.९८ | १६.७२ | ३०.२६ | ० | ३.६२ | २.६१ | १.०२ | ७.७१ | १५.५८ | ३.३६ |
| बागमती | ६७.४८ | २६.०५ | ४१.४३ | ० | ९.५८ | ५.८५ | ३.७३ | १४.२० | २२.४८ | ८.९९ |
| गण्डकी | ३१.९८ | १२.६४ | १९.०९ | ०.२५ | ५.३४ | २.६४ | २.७० | १६.६८ | २०.८७ | १४.१३ |
| लुम्बिनी | ३८.९१ | १५.४४ | २३.४७ | ० | ७.९६ | ३.७२ | ४.२३ | २०.४५ | २४.१० | १८.०४ |
| कर्णाली | ३३.०० | १२.४० | १९.९८ | ०.६२ | ४.५३ | २.९५ | १.५८ | १३.७४ | २३.८३ | ७.९० |
| सुदुर पश्चिम | ३३.४८ | १३.६४ | १९.८३ | ०.०१ | ३.६६ | २.६५ | १.०१ | १०.९४ | १९.४७ | ५.०८ |
| **कुल** | **२८७.७०** | **११५.५५** | **१७१.१८** | **०.९८** | **४०.७३** | **२४.७७** | **१५.९७** | **१४.१६** | **२१.४३** | **९.३३** |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०८२/८३ मा सबैभन्दा बढी बागमती प्रदेशमा रु.६७ अर्ब ४८ करोड बजेट विनियोजन भएको थियो भने गण्डकी प्रदेशमा सबैभन्दा कम रु.३१ अर्ब ९८ करोड बजेट विनियोजन भएको थियो ।

खर्चतर्फ लुम्बिनी प्रदेशमा सबैभन्दा बढी कुल विनियोजनको २०.४५ प्रतिशत र मधेश प्रदेशमा सबैभन्दा कम कुल विनियोजनको ७.७१ प्रतिशत खर्च भएको छ ।

**चार्ट ८.१ : आर्थिक वर्ष २०८२/८३ को प्रदेशगत बजेटको अर्ध-वार्षिक प्रगति** (रु. अर्बमा)




*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

## ८.२ प्रदेशगत रूपमा कार्यान्वयन भएका कार्यक्रमहरू

आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारहरुले बजेटमा प्रस्ताव गरेका मुख्य-मुख्य नीति तथा कार्यक्रमहरुको विवरण तपसिल बमोजिम रहेका छन् ।

### ८.२.१. कोशी प्रदेश

१. "स्वस्थ माटो, स्वच्छ बाली" अभियानअन्तर्गत माटो जाँच गरी माटोको गुणस्तर सुधार गर्न प्राङ्गारिक मल उत्पादन तथा प्रयोगमा प्रोत्साहन र स्थानीय तहसँगको सहकार्यमा प्राङ्गारिक खेती प्रवर्द्धन गरिने । कोशी प्रदेशलाई धानको बिउको स्रोत केन्द्रको रूपमा विकास गरिने ।

२. औद्योगिक पारिस्थितिक प्रणाली प्रवर्द्धन गर्दै उद्यमशीलता विकास र नवीनतम प्रविधि प्रयोगलाई प्रोत्साहन गरिने । कोशी प्रदेशका लघु, घरेलु तथा साना उद्यमीबाट उत्पादित वस्तुको बजारीकरणका लागि विराटनगरमा बिक्री तथा प्रदर्शनी स्थलको निर्माण गरिने ।

३. नेपालमा उत्पादित चियालाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन, प्रविधि हस्तान्तरण तथा अनुभव आदानप्रदान गर्न अन्तर्राष्ट्रिय चिया सम्मेलन आयोजना गरिने ।

४. स्थानीय सम्भाव्यता तथा बजार सम्भाव्यताका आधारमा व्यावसायिक रूपमा फलफूल, चिया, कफी, मह तथा गाईभैसी, बाखा, चौरीलगायतका अन्य पशुपन्छीजन्य उत्पादन प्रशोधन, भण्डारण, बजारीकरण प्रवर्द्धन आदि कार्यमा स्थानीय तहसँग सहकार्यमा कार्यक्रम सञ्चालन गरिने, साथै व्यावसायिक कृषि प्रवर्द्धनका लागि मकै उत्पादन क्षेत्रमा भूमिगत सिँचाइ व्यवस्थापन र आधुनिक कृषि यन्त्र उपकरणको प्रयोग बढाइने ।

५. सिँचाइ प्रणालीको सुदृढीकरण, पुनर्स्थापना र मर्मत सम्भार गरी कृषियोग्य भूमिमा वर्षेभरी दिगो सिँचाइ सुविधा उपलब्ध गराउने ।

### ८.२.२. मधेस प्रदेश

१. कृषि प्रसार सेवाको पहुँच बढाउन "किसानको वारी स्वयंसेविकाको छहारी" सोचलाई सार्थक तुल्याउन प्रदेशका सबै वडाहरुमा महिला कृषि स्वयमंसेविका परिचालन कार्यक्रमलाई निरन्तरता दिने । कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि सिञ्चित क्षेत्र विकास एवम् विस्तारका गर्न सिँचाइ व्यवस्थापन प्रवर्द्धन गरिने । भूमिगत सिँचाई क्षेत्र विस्तार गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषि विद्युतीकरण कार्यक्रमलाई बहुवर्षीय आयोजनाको रुपमा निरन्तरता दिने ।

२. पशुपालन व्यवसायमा चुनौतीको रुपमा रहेका प्रमुख रोगहरु नियन्त्रण गर्दै पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धिका लागि पशुहरुमा पूर्ण खोप अभियान सहितको कार्यक्रम सञ्चालन गरिने । पशुहरुमा कृत्रिम गर्भाधानको माध्यमबाट पशु नश्ल सुधार गर्न सामुदायिक कृत्रिम गर्भधारणकर्ताको लागि तालिम तथा लजिष्टिक सपोर्टको व्यवस्था गरिने ।

३. मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आय आर्जन र पोषण सुरक्षामा टेवा पुऱ्याउन पोखरी भित्र रेसवे प्रणालीमा मत्स्य पालन, नयाँ मत्स्य पोखरी निर्माण, मत्स्य उत्पादन वृद्धि कार्यक्रमहरु सञ्चालन गरिने ।

४. मधेश प्रदेशको राजधानीलाई पर्यटन मैत्री तथा पर्यटकहरुलाई मिथिला संस्कृतिको मौलिकता अनुभुत हुनेगरी आवश्यक पूर्वाधार निर्माणमार्फत सौन्दर्यीकरण गरिने । सम्रग मधेश प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुका साथै सीता जन्मभूमि जनकपुरधामलाई "भिजिट मधेश" भन्ने मुल आशयका साथ भारतलगायत अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गरिने ।

५. गुणस्तरीय पूर्वाधार निर्माणका लागि सबै जिल्लामा निर्माण सामाग्री परीक्षणका लागि स्थापित प्रयोगशालाहरुलाई आधुनिकीकरण गरी व्यवस्थित गरिने । साथै प्रदेशस्तरीय सुबिधा सम्पन्न परीक्षण प्रयोगशाला तथा अनुसन्धान केन्द्र स्थापना गरिने ।

### ८.२.३. बागमती प्रदेश

१. कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व अभिवृद्धिको लागि कृषि क्षेत्रमा प्रविधिको प्रयोग बढाइने । सार्वजनिक निजी साझेदारीको आधारमा कृषिलाई उत्पादन र उत्पादनलाई उद्योगसँग जोड्दै रोजगारी र आयआर्जन वृद्धि गरिने ।

२. स्थानीय तहसँगको लागत साझेदारीमा खाद्यान्न, फलफूल, तरकारी तथा पशुपालनमा संलग्न साना किसानहरूलाई व्यावसायिक उत्पादनतर्फ प्रोत्साहित गर्न समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइने ।

३. तरकारी, फलफूल तथा माछा, मासुजस्ता उपजहरूमा किसानले पाउने मूल्य र उपभोक्ताले तिर्ने मूल्य अन्तरलाई घटाउन स्थानीय तहसँगको लागत साझेदारीमा पाइलटिङको रूपमा कृषि उपज बजार केन्द्र स्थापना गरी कृषि एम्बुलेन्स र भण्डारणको व्यवस्था गरिने । उपभोक्तालाई विषादीरहित फलफूल, तरकारीको उपलब्धताको लागि १६ वटा स्थानीय तहमा सूचना प्रविधिमा आधारित विषादी अवशेष परीक्षण प्रयोगशाला स्थापना र सञ्चालन गरिने ।

४. बागमती प्रदेशका पर्यटकीय क्षेत्रमा बृहत् सम्भावना बोकेको साहसिक पर्यटन प्रवर्द्धनको लागि एडभेन्चर टुरिजम फेस्टिभल आयोजना गरिने । प्रदेशभित्र प्याराग्लाइडिङका लागि उपयुक्त स्थानको सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन गरिने । साहसिक पर्यटन प्रवर्द्धनको लागि तीन तहका सरकारबीचको समन्वयमा सिन्धुपाल्चोकको बलेफीमा ऱ्याफ्टिङ गाइड उत्पादन गर्न तालिम कार्यक्रम सञ्चालन गरिने ।

५. वित्तीय तथा व्यवस्थापकीय जोखिममा रहेका सहकारी संस्थाहरूको तथ्याङ्क सङ्कलन, अध्ययन, विश्लेषण र वर्गीकरण गरिने । सहकारी संस्थामा रहेको बचतको सुरक्षा र लगानीकर्ताको लगानी

संरक्षणको लागि जोखिममा आधारित अनुगमन तथा नियमन गरिने । उत्पादनमूलक सहकारी संस्थाहरूलाई प्रविधि तथा सीप हस्तान्तरणमार्फत प्रोत्साहन गरिने । प्रदेशअन्तर्गतका सहकारीहरूमध्ये उत्कृष्ट कार्य गर्ने सहकारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइएको ।

### ८.२.४. गण्डकी प्रदेश

१. प्रदेशमा दूध, अण्डा तथा माछामासुको उत्पादन वृद्धि गरी निर्यात प्रवर्द्धनका लागि बृहत्तर पशु विकास कार्यक्रम सञ्चालन गरिने । स्थानीय तहसँगको सहकार्यमा पशुपन्छी खोप सेवा विस्तार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिने र पशुपन्छीबाट मानवमा सर्ने जुनोटिक रोगको नियन्त्रण र प्रतिजैविक प्रतिरोध न्यूनीकरण गर्न उपयुक्त स्वास्थ्य रणनीति अवलम्बन गरिने ।

२. उद्योगको विकास र प्रदेश समुन्नतिको आधारको सोचलाई आत्मसात् गर्दै प्रदेशस्तरीय औद्योगिक क्षेत्र विकासका लागि लोकाहाखोला र पुडिटारमा जग्गा प्राप्ति तथा निर्माण कार्यलाई अगाडि बढाइने । वृद्धिमुखी उद्यमशीलता र रोजगारी सिर्जना नमुना कार्यक्रम, सीपमूलक तालिम, उद्यमशीलता विकास र प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिँदै स्थानीय कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन गर्न प्रोत्साहन गरिने ।

३. खेतीयोग्य बाँझो र खाली रहेको निजी तथा सार्वजनिक जग्गाको उपयोग गरी नमुना कृषि वन कार्यक्रम प्रवर्द्धन गरिने । वन डढेलो रोकथाम तथा नियन्त्रण गर्नका लागि वनमा रहेको ज्वलनशील पदार्थ तथा मिचाहा प्रजातिको वनस्पति व्यवस्थापन तथा सङ्कलन गरी जैविक मल उत्पादन कार्य प्रवर्द्धन गरिने ।

४. पोखरा जाऔं प्रकृति र संस्कृतिसँग रमाऔं कार्यक्रम सञ्चालन गरी पर्यटनको राजधानी पोखरा र स्याटलाइट गन्तव्यहरूमा पर्यटकीय पूर्वाधार निर्माण, पदयात्राको संरक्षण विकास र प्रवर्द्धनका लागि विद्यमान पदमार्गको स्तरोन्नति, वैकल्पिक पदमार्गहरूको निर्माण र धार्मिक तथा प्रमुख पर्यटकीय गन्तव्यहरूमा पूर्वाधार निर्माण गरिने ।

५. जलवायु परिवर्तनको असरलाई अनुकूलन तथा न्यूनीकरण गर्नका लागि सरोकारवाला निकायको समन्वय र सहकार्यमा प्रदुषण र फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन एवम् हिमाल संरक्षणका लागि माछापुच्छ्रे संवाद कार्यक्रम सञ्चालन गरिने ।

### ८.२.५. लुम्बिनी प्रदेश

१. कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिने । पोषणयुक्त खाद्य वस्तुको उत्पादन र उपभोग प्रवर्द्धन गरिने । कृषि उत्पादनलाई पूर्ण प्राङ्गारिक उत्पादनमा रूपान्तरण गरी आगामी एक दशकमा लुम्बिनी प्रदेशलाई पूर्ण प्राङ्गारिक प्रदेश बनाउने अभियानअन्तर्गत पहिलो चरणमा रुकुम (पूर्व), रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची र पाल्पा जिल्लाबाट विशेष अभियान सुरु गरिने ।

२. हुलाकी मार्ग लक्षित मासु र दुग्धजन्य उत्पादन वृद्धि गर्न भैसीपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने । "घरदैलोमा प्राविधिक सेवा, व्यावसायिक कृषिजन्य उत्पादनमा टेवा" भन्ने मान्यतालाई आत्मसात् गर्दै व्यावसायिक कृषकको फर्ममै पुगी घुम्ती सेवा, पशु स्वास्थ्य सेवा, प्राविधिक परामर्श तथा उपचार विशेषज्ञ सेवा उपलब्ध गराउने ।

३. स्वदेशमा नै रोजगारी सिर्जना गर्न उद्यमशीलता विकास, विशेष सीपमूलक तालिम तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइने । साथै, जेन् जी पुस्ता केन्द्रित उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने । युवाहरूलाई रोजगारीको अवसर दिलाउन तथा स्वरोजगार बनाउन परीक्षण सहितको सीप विकास र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने ।

४. स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्यता, मौलिक सैस्कृति, अर्गानिक तथा रैथाने खाना र कोशेली समेतको प्रवर्द्धन गरी होमस्टे सञ्चालन गर्ने कार्यमा सहयोग पुऱ्याउने । शालग्राम र कालीगण्डकी नदीको महिमालाई प्रवर्द्धन गर्न उत्तर गण्डकी महास्नान तथा मेला आयोजना गर्ने । महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलको संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिने ।

५. "मोबाइल हातमाः यातायात सेवा साथमा" भन्ने नारालाई सार्थक बनाउने गरी सवारी धनी एवम् चालकका लागि दिनुपर्ने सूचना र सवारी साधनको विवरण अनलाइन पद्धतिबाट प्राप्त हुने व्यवस्था मिलाउने ।

### ८.२.६. कर्णाली प्रदेश

१. कर्णाली कृषि विकास रणनीति कार्यान्वयन गर्दै कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, उत्पादन लागत न्यूनीकरण, उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी कृषिको व्यावसायीकरण गर्दै लगिने । प्रदेशमा प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा जोड दिइने । खेतीयोग्य बाँझो जमिनको उपयोग र कृषि पेसाप्रति युवाको आकर्षण बढाउन प्रोत्साहनको व्यवस्था मिलाइने ।

२. पाँच हेक्टरभन्दा बढी जमिनमा कृषि व्यवसाय गर्ने व्यवसायी, सहकारी, फर्म, कम्पनी र कृषक समूहलाई कर्जामा व्याज अनुदान र दुई हेक्टरभन्दा बढी जमिनमा कृषि व्यवसाय र फलफूल खेती गर्ने सहकारी, फर्म, कम्पनी कृषक समूहलाई लागत सहभागिताको आधारमा अनुदान दिने व्यवस्थालाई परिमार्जन गरी व्याज अनुदान कार्यक्रम लागु गरिने । फलफूल बिरुवा सङ्ख्याको आधारमा कम्तीमा तीन वर्षसम्म प्रोत्साहन उपलब्ध गराउने गरी "एक गाउँ एक व्यावसायिक फलफूल बगैंचा" स्थापना कार्यक्रम सञ्चालन गरिने ।

३. सहकारी संस्थामा रहेको बचत रकमलाई उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गरिने । वित्तीय कारोबार गर्ने सहकारी संघ संस्थामार्फत वित्तीय साक्षरता प्रवर्द्धनका लागि प्रेरित गरिने । समग्र सहकारी क्षेत्रको विकास र सुदृढीकरण गर्न सहकारीको नियमन व्यवस्थालाई सुदृढ गरिने ।

४. स्थानीयस्तरमै उद्यमीहरूलाई प्रोत्साहन र हौसला प्रदान गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्यम सञ्चालन गर्न टेवा पुऱ्याउने उद्देश्यले निजी उद्यमीसँगको साझेदारीमा प्रशोधनजन्य उद्योग स्थापनाका लागि आवश्यक सहयोग गरिने ।

५. कर्णालीको पर्यटन प्रवर्द्धनका लागि "संसारको गन्तव्य नेपालः नेपालको गन्तव्य कर्णाली" भन्ने सोचलाई साकार पार्न दिगो पूर्वाधार तथा गुणस्तरीय पर्यटकीय सेवाको विकासमा जोड दिइने । पर्यटक सङ्ख्या, बसाइ अवधि र खर्च रकम बढाउने वातावरण निर्माण गर्न स्थानीय तह र निजी क्षेत्र समेतको सहकार्यमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिने ।

### ८.२.७. सुदूरपश्चिम प्रदेश

१. कृषि पशुपन्छी मत्स्य केन्द्रित "एक स्थानीय तहः दुई उत्पादन" अभियान सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा कम्तिमा एक विशेष पकेट क्षेत्र विकास गर्न कृषि, पशुपन्छी र मत्स्यका १७६ वटा व्यावसायिक पकेट निर्माण गरिने । प्रदेशभरीमा सार्वजनिक-निजी-सहकारी साझेदारीमा कृषि तथा पशुपन्छीजन्य उद्योग सञ्चालन गरिने ।

२. आगामी आर्थिक वर्षमा ५ करोड माछाका भुरा उत्पादन गरी मत्स्य व्यवसायको प्रवर्द्धन, बजारीकरणमार्फत यस क्षेत्रमा प्रदेश आत्मनिर्भर गरिने । कफी खेतीको उच्च सम्भावना बोकेका पाँच जिल्ला कैलाली, बैतडी, बझाङ्ग, डोटी र दार्चुलामा कफी बगैचा परिक्षणको रूपमा स्थापना

गरिने । उच्च हिमाली जिल्लाको २० वटा स्थानीय तहलाई प्राङ्गारिक क्षेत्र घोषणा गर्न आवश्यक गृहकार्य गरिने ।

३. ५१ वटा निर्माण सम्पन्न भएका तथा सञ्चालनमा नआएका कोल्ड चेम्बर, कोल्ड स्टोर, प्रशोधन केन्द्र लगायतका कृषि पूर्वाधारहरू सञ्चालन गरिने र अधुरा परियोजना निर्माण सम्पन्न गरिने । कैलाली र कञ्चनपुरमा दुई/दुई वटा गौशालालाई उद्योगको रूपमा विकास गरी मल, दुध, गहुँत तथा अन्य उपयोगी सामग्री उत्पादन गरिने ।

४. "पर्यटन पूर्वाधार समृद्धिको आधार" भन्ने नाराका साथ प्रदेशभरिका धार्मिक सांस्कृतिक ऐतिहासिक र सिमसार तालतलैयाको संरक्षण संवर्धन र प्रबर्द्धनका लागि बाँकाबीर पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने । साथै, चिसापानी पर्यटन पूर्वाधार र देवाटबी पर्यटकीय पूर्वाधार निर्माण गरिने ।

५. जडिबुटी प्रजातिहरूको संरक्षण तथा खेती विस्तार गरिने । प्रदेशभित्रका जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण बसन्ता जैविक मार्ग, लालझाडी मोहना जैविक मार्ग, महाभारत क्षेत्र, तेलेलेक क्षेत्र र सिगास तथा ग्वाललेक क्षेत्रको जैविक विविधता संरक्षण तथा व्यवस्थापन गरिने ।

# परिच्छेद ९
# आर्थिक परिदृश्य

## ९.१ आर्थिक वृद्धि

आर्थिक वर्ष २०८२/८३ मा उपभोक्ता मूल्यमा आर्थिक वृद्धि ३.८५ प्रतिशत हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक अनुमान रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो वृद्धिदर ४.४३ प्रतिशत रहेको संशोधित अनुमान रहेको छ। चालु आर्थिक वर्षको प्रथम त्रयमासमा मनसुन ढिला शुरु भएको तथा बाली भित्र्याउने समयमा अधिक बर्षाका कारण धान खेतीलगायत समग्र वर्षे बाली प्रभावित भएको, जेन्जी आन्दोलनदेखि प्रतिनिधिसभाको निर्वाचनसम्मको राजनैतिक अन्यौलताले लगानी प्रभावित भएको, पछिल्लो समय पश्चिम एशियामा जारी युद्धबाट विश्व अर्थतन्त्र प्रभावित हुन थालेको प्रभावस्वरुप नेपालको समग्र आर्थिक स्थिति पनि प्रभावित हुने देखिएको छ । यद्यपि यो वर्ष कुल गार्हस्थ्य उत्पादनमा लगानीको अंश बढेको, जलविद्युतको जडित क्षमता बढेको, घरपरिवारले प्राप्त गर्ने विप्रेषण आप्रवाह बढेको, शासकीय, प्रणालीगत र नीतिगत सुधार भई सरकारी खर्च तथा सोको उत्पादकत्व अभिवृद्धि हुने साथै लगानीको वातावरणमा सुधार आई वित्तीय क्षेत्रमा विद्यमान अधिक तरलता र न्यून ब्याजदरको स्थितिको निजी क्षेत्रले सदुपयोग गरी कर्जा लगानी बढ्ने जस्ता कारणले आर्थिक क्रियाकलाप विस्तारमा केही सहयोग पुग्ने देखिन्छ।

## ९.२ मूल्य स्थिति

आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रयमाससम्म मुद्रास्फीति वाञ्छनीय सीमा भित्र रहेको र पछिल्लो नौ महिनामा समेत मुद्रास्फीति सहज अवस्थामा रहेको देखिन्छ । विगत केही समयदेखि पश्चिम एशियालगायत विश्व–भूराजनीतिमा देखिएको तनावका कारण पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले समग्र आपूर्ती श्रृंखलामा असर गरी उपभोक्ता मुद्रास्फीतिमा समेत केही दबाव पर्न थालेको छ। भूराजनीतिक तनाव लामो समय जारी रहेमा मूल्य माथिको चाप कायमै रहने देखिन्छ।

## ९.३ कृषि क्षेत्र

चालु आर्थिक वर्ष कृषि उत्पादन १.५८ प्रतिशतले मात्र बढ्ने राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक अनुमान रहेको छ। पहिलो अर्धवार्षिक अवधिमा भएको प्राकृतिक प्रकोपबाट पूर्वाधारलगायतका संरचनामा पुगेको क्षति तथा रासायनिक मल अभाव समेतलाई दृष्टिगत गर्दा समग्र कृषि उत्पादन सामान्य वृद्धि हुने अनुमान छ । रासायनिक मल अभाव र प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा प्रतिकूल प्रभाव पर्न गएको भएतापनि सरकारले बीउबीजन, रैथाने बाली संरक्षण तथा विस्तार, पशुपन्छी रोग नियन्त्रण, पशुनश्ल सुधार तथा कृषि जैविक विविधता संरक्षण एवम् प्रवर्द्धनजस्ता सञ्चालनमा ल्याइएका कार्यक्रमहरूबाट कृषि उत्पादकत्व र उत्पादन बढाउन सकारात्मक प्रभाव पर्ने देखिन्छ।

## ९.४ औद्योगिक क्षेत्र

आर्थिक वर्ष २०८२/८३ मा अघिल्लो वर्ष सङ्कुचन भएका क्षेत्रहरू समेत विस्तार भई औद्योगिक उत्पादन र व्यापार क्षेत्र विस्तार हुने अनुमान छ। औद्योगिक क्षेत्रतर्फ निर्माण र जलविद्युत उपसमुहको योगदान बढ्ने देखिन्छ। विप्रेषण आप्रवाहमा भएको वृद्धि, बैंकिङ प्रणालीमा रहेको पर्याप्त तरलता एवम् न्यून व्याजदर लगायतका कारण निजी क्षेत्रतर्फ हुने कर्जा विस्तार, आदि कारणले निर्माण क्षेत्र चलायमान हुने देखिन्छ। साथै, बाढी पहिरोलगायत अन्य प्राकृतिक प्रकोपले क्षति पुऱ्याएका राजमार्ग तथा पूर्वाधारहरुको पुर्ननिर्माणका कार्यले निर्माण क्षेत्रमा सकारात्मक प्रभाव पर्नेछ। साथै, नेपालकै पहिलो सुरुङ राजमार्ग नागढुङ्गा-नौबिसे सुरुङमार्गको निर्माण सम्पन्न भई सञ्चालनमा आउने तयारीमा रहेकाले यात्रा समय

छोटिनुका साथै राजधानीसँग जोडिने आवागमन र मालसामान ढुवानीमा सहजता आउनेछ । यस वर्ष राष्ट्रिय प्रसारणमा थप हुने जलविद्युतले समेत औद्योगिक क्षेत्र विस्तारमा टेवा पुग्ने देखिन्छ ।

### ९.५ सेवा क्षेत्र

विप्रेषण आप्रवाहमा आएको सुधार र पर्यटकीय व्यवसाय विस्तार भई विदेशी मुद्रा आर्जनमा वृद्धि हुने देखिन्छ । साथै, आन्दोलनपश्चात् पुर्ननिर्माणले गति लिएको र निर्वाचनका कारण यातायात, होटल तथा रेष्टुरेन्ट व्यवसाय विस्तार भई आयातमा केही सुधार देखिएको छ । सरकारद्वारा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र शिक्षालाई व्यवसायमूलक तथा रोजगारमूलक बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको, वित्तीय तथा व्यवस्थापकीय जोखिममा रहेका सहकारी संस्थाहरूको अध्ययन, विश्लेषण तथा वर्गीकरण गरिने कार्य योजना रहेकोले यस क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान रहेको छ । बैंकिङ प्रणालीमा रहेको अधिक तरलता र न्यून ब्याजदरले निजी क्षेत्रबाट कर्जाको माग बढ्ने र थोक तथा खुद्रा व्यापार वृद्धि भई सेवा क्षेत्र विस्तार हुने अनुमान रहेको छ ।

### ९.६ पूर्वाधार क्षेत्र

सरकारले लक्ष्यअनुसारको पुँजीगत खर्च गर्न र राजस्व सङ्कलन गर्न नसकेको कारण राजस्व र खर्चबीच फराकिलो अन्तर भए तापनि सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्य भइरहेको, निजी तथा सरकारी क्षेत्रबाट निर्माणाधीन जलविद्युत् आयोजना, विद्युत् प्रसारण लाइन निर्माण, सुरुङमार्ग निर्माणजस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरूको कामले गति लिएको छ । यस आर्थिक वर्ष आएको बाढी र पहिरोका कारण भौतिक पूर्वाधारमा पुगेको क्षतिका कारण पूर्वाधार क्षेत्रमा केही नकारात्मक प्रभाव पर्न गएको छ । तथापि, सूचना प्रविधिको पहुँचमा तीव्र विकास हुँदै गएको, रुग्ण आयोजनाहरूको पहिचान गर्ने कार्य निरन्तर भइरहेकोले समग्रमा पूर्वाधार क्षेत्रको विस्तार सकारात्मक हुने देखिन्छ ।

### ९.७ बाह्य क्षेत्र

आर्थिक वर्ष २०८२/८३ को पहिलो नौ महिनामा बढ्दो निर्यात र विप्रेषण आप्रवाहको कारण शोधनान्तर बचत उल्लेख्य वृद्धि भई विदेशी विनिमय सञ्चिति सुविधाजनकस्तरमा रहेको छ । यही प्रवृत्तिको निरन्तरताले चालु आर्थिक वर्षको अन्त्यमा समेत विदेशी विनिमय सञ्चिति अझ बढ्ने देखिन्छ । तथापि, पश्चिम एशिया क्षेत्रमा जारी युद्ध लगायतका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा पर्ने प्रभावसँगै आयात खर्चमा बढोत्तरी भई व्यापार घाटा बढ्दै जाने जोखिम रहेको छ ।

***